# परिच्छेद - एक [Chapter – One]
## परिचय (Introduction)

## १. परिचय (Introduction) :

**विषय प्रवेश** : "लोकतान्त्रिक नेपालको आवश्यक्ता, समावेशी र गुणात्मक शिक्षा" - शिक्षा दिवस - २०६४

"शिक्षामा समता, निरन्तरता र गुणस्तरीयता" - विद्यार्थी भर्ना अभियान - २०६३

"शान्ति सबैको इच्छा, गुणस्तरीय एवं रोजगारमुलक शिक्षा" - शिक्षा दिवस - २०६२

माथिका नाराहरू निकै आकर्षक छन् । शिक्षामा सबैको समान पहुँच र गुणात्मकताको सुनिश्चित आधार आजको टड्कारो आवश्यक्ता हो । जीवनोपयोगी शिक्षा पाउनु सबै सरोकारवालाहरूको नैसर्गिक अधिकार हो । २१ औं शताब्दीको माग पनि हो ।

## १.१. पृष्ठभूमि (Background) :

'गुणात्मक शिक्षा'लाई आजको युग सुहाउँदो र महत्व प्राप्त शब्दको रूपमा सरोकारवाला सबैले उच्चारण गर्ने गरेको शब्दको रूपमा लिन सकिन्छ । तर यहि हो गुणात्मक शिक्षा भनेर ठोस परिभाषित गर्न भने निकै कठीन छ । के हो गुणात्मक शिक्षा ? यो कसरी सुनिश्चित गर्न सकिन्छ ? शायद उल्लेखित प्रश्नको उत्तर नै आज अध्ययन/अनुसन्धानको महत्वपूर्ण विषयवस्तु हुनुपर्दछ । एउटा निश्चित आधार र निर्धारित उद्देश्य विना गुणात्मक शिक्षाको विषय उठाउनु पूँजी, श्रम, सीप र इच्छाशक्ति विना नै आधुनिक महल बनाउने कुरा गर्नु सरह हुन जान्छ । युग सुहाउँदो व्यावहारिक पाठ्यक्रम सरोकारवालाको जिम्मेवार प्रयास र तालिम प्राप्त दक्ष शिक्षकको पेसागत प्रतिवद्धताबाट मात्र यो कुरा संभव हुने देखिन्छ ।

सर्वोच्चता (Excellence) नै गुणात्मकता हो । भावात्मक सर्वोच्चता, कार्यात्मक सर्वोच्चता, लेखनमा सर्वोच्चता, पठनपाठनमा सर्वोच्चता, आर्जनमा सर्वोच्चता, सिर्जनमा सर्वोच्चता, सोचमा सर्वोच्चता र समायोजनमा सर्वोच्चता । फोउलर (२००४) को शब्दमा साझा सर्वोच्चता (Common Excellence) र स्तरीयता (High Standard) नै गुणात्मकता हो । सामाजिक शब्दावलीमा आदर्श व्यक्तित्व (Ideal personality), आर्थिक शब्दावलीमा आय आर्जन गर्न सक्ने र उपयोगी (Utility) तथा शिक्षणकला (Pedagogy) को शब्दावलीमा स्वाध्यायी (Autonomous learner) गुणात्मकता हो । यस्तै स्रष्टाको शब्दावलीमा सर्जन Creative), पहुँच (Access) को शब्दावलीमा अधिकारमुखी (Right-based value-oriented), बजारको शब्दावलीमा विकाउ (Marketable) , संस्कारको शब्दावलीमा जातीय (Communal) एवं विश्वव्यापीकरणको शब्दावलीमा स्थूल र सूक्ष्म (Macro and Micro) बीच अन्तरसम्बन्ध खोज्न सक्ने व्यक्तित्व नै गुणात्मकता हो । अर्को शब्दमा विश्वबजारको मागमा आधारित व्यक्तित्व नै गुणात्मकता हो ।

## अपेक्षित शिक्षक तालिम के हो ? (What is Expected Teacher Training)

अहिलेको गुणात्मक शिक्षक सर्वोत्तम शिक्षक हो । व्यवस्थापकीय क्षमता भएको शिक्षक । रजनीशको शब्दमा "एक घण्टा अघिको शिक्षक" । "एक घण्टा पछिको विद्यार्थीको" क्षमता चिन्ने शिक्षक । त्यसैले प्रत्येक शिक्षकले व्यवस्थापन र प्रविधि प्रयोगको तालिम खोज्दछ । आजको गुणात्मक नेपाली शिक्षक माटो चिन्ने शिक्षक हो । माटोको ज्ञान भएको शिक्षक र त्यो ज्ञान र पश्चिमी ज्ञान बीच मितेरी लाउने शैली थाहा पाएको शिक्षक, आफ्नै शैली बनाउन सक्ने शिक्षक । मोहीको भूगोल चिन्न सक्ने, इतिहास खोज्न सक्ने र विज्ञान भन्न सक्ने शिक्षक । त्यसैले वर्तमानमा शिक्षकले माटोको ज्ञान चिन्ने तालिम चाहन्छ । आफू र अरूलाई पहिचान गर्ने र संस्कारगत मूल्य बोध गराउने तालिम खोज्दछ । २१ औं शताब्दीको शिक्षक सञ्चारी शिक्षक हो । पुर्ख्यौली संचार थाहा पाएको शिक्षक । आधुनिक सञ्चारका तरिकासँग परिचित शिक्षक । हिजो र आजको सञ्चार बारे ज्ञान पाएको र त्यो ज्ञानलाई विद्यार्थीसम्म हस्तान्तरण गर्न सक्ने शिक्षक । त्यसैले गुणस्तरीय बन्न शिक्षकले सञ्चारी सक्षमता तालिमबाट पूरा गर्दछ । तालिमले सञ्चारी दक्षता

अभिवृद्धि गर्नु पर्दछ । सामान्यीकरण भन्दा सान्दर्भिकरण गर्ने शिक्षक गुणात्मक शिक्षक हो । न्याय अन्यायको विवेचना गर्न सक्ने शिक्षक । अर्थोतावादीको शब्दमा आफ्नो "संसार" चिनेको शिक्षक - चिन्न सक्ने शिक्षक । शिक्षकले साँस्कृतिक सम्पदा चिन्नु पर्दछ व्यक्तिको सम्पदा, समूहको सम्पदा, समुदायको सम्पदा र पढ्ने र पढाउनेको सम्पदा चिन्नु पर्दछ । त्यसैले नेपाली शिक्षकले बोर्ज्यूको शब्दको "साँस्कृतिक सम्पदा" को तालिम पाउनु पर्दछ । "आर्थिक सम्पदा र सामाजिक सम्पदा" को तालिम पाउनु पर्दछ । यी सम्पदाहरूलाई कक्षाकोठामा प्रयोग गर्ने सीप तालिमले प्रदान गर्नु पर्दछ । शिक्षकले बहुशिक्षणकलामा तालिम पाउनु पर्दछ । अहम् व्यवस्थापनको तालिम आवश्यक छ । शिक्षक तालिमले बजार खोज्ने क्षमता र विक्ने सीप शिक्षकमा हस्तान्तरण गर्नुपर्दछ । तालिमले विषयवस्तुको ज्ञानमा भन्दा स्थानान्तरण (Transfer) सीपमा जोड दिनु पर्दछ ।

शिक्षण साधन हो साध्य होइन । शिक्षण एउटा कला हो । कौशल हो । शिक्षण कौशललाई निखार्ने साधन तालिम हो । तालिमबाट व्यक्तिले आवश्यक ज्ञान-सीप प्राप्त गर्नुका साथै आफूमा भएको ज्ञान, सीप र अभिवृत्तिलाई परिस्कृत गर्न वा आफ्ना कमजोरी हटाइ सक्षम व्यक्तित्व निर्माण गर्न उचित अवसर प्राप्त गर्दछ । Taneja (1989) का अनुसार Training is systematic practice in the performance of skill. तालिमले शिक्षकमा रहेको वृहत ज्ञान, सीप मध्ये समाज, परिस्थिति र आवश्यक्ता सुहाउँदो किसिमले प्रभावकारी शिक्षणका लागि तिखार्न मद्दत गर्दछ । Hill (1982) का अनुसार Training deals more with the application of knowledge. तालिमका सम्बन्धमा Dictionary of Education मा यसरी लेखिएको छ The provision of learning experience enabling learner to develop specified skill or competence (Gorden – 1996) अर्थात कुनै पनि व्यक्तिको सिकाइ र पेसागत दक्षता अभिवृद्धि गर्नका लागि सम्बन्धित सन्दर्भ सामग्रीको सहयोगबाट आवश्यक ज्ञान, सीप दिने र प्राप्त ज्ञान र सीपलाई क्रियामुखी बनाई व्यवहारमा लागु गर्न र गराउन सहयोग पुऱ्याउने कार्य तालिम हो ।

माथि उल्लेखित परिभाषाहरूबाट तालिम भनेको पेसागत दक्षता अभिवृद्धि गर्ने सीपमुखी शिक्षा हो भन्ने स्पष्ट हुन्छ । तालिम एउटा पद्धति हो । यो पद्धति भित्र आवश्यक्ता पहिचान देखि अन्तिम उपलब्धीको लेखाजोखा सम्म समावेस हुन्छ । तालिमको अवश्यक्ता भनेको कुनै पनि व्यक्तिलाई उसले सम्पादन गर्नुपर्ने कार्यका लागि सक्षम बनाउनु हो । यसलाई सूत्रमा यसरी लेख्न सकिन्छ - तालिमको आवश्यक्ता = हुनपर्ने ज्ञान, सीप र दक्षता - भएको ज्ञान, सीप र दक्षता । अथवा शिक्षकमा भइरहेको ज्ञान, सीप र दक्षतामा उसलाई आवश्यक हुने ज्ञान, सीप र दक्षता थप गर्ने हो भने शिक्षकमा हुनै पर्ने ज्ञान, सीप र दक्षता हुन जान्छ । जुन कुरा तालिमबाट मात्र सम्भव छ । तालिम आफैमा आवश्यक्ता पूरागर्न सक्ने र गुणात्मक हुनु पर्दछ । तालिमलाई प्रभावकारी बनाउन आवश्यक्ता पहिचान, उद्देश्य निर्धारण, विषयवस्तु छनौट, विधिको चयन प्रभावकारी मूल्याङ्कन र निरन्तर अनुगमनको समुचित व्यवस्था जरूरी हुन्छ ।

नेपालमा शिक्षक तालिमको संस्थागत विकासलाई हेर्ने हो भने वि.स. २०५० सालमा शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) को स्थापना पश्चात वि.स. २०५३ सालमा ९ वटा प्राथमिक शिक्षक तालिम केन्द्र (PTTC) स्थापना भै सबै खाले प्राथमिक शिक्षक तालिमको जिम्मेवारी सम्हालेको पाइन्छ । शिक्षक तालिमलाई एउटै छातामुनि राख्ने र सबै तहको शिक्षक तालिमलाई अनिवार्य बनाउने उद्देश्यले वि.स. २०६१ भदौ देखि तत्कालीन माध्यमिक शिक्षा विकास केन्द्र र दूर शिक्षा केन्द्रलाई शैक्षिक जनशक्ति विकास केन्द्रमा एकिकृत गरी सो मातहत हाल रूपान्तरित २९ वटा शैक्षिक तालिम केन्द्र र ५ वटा शैक्षिक तालिम उपकेन्द्र (तत्कालीन प्रा.शि.ता.के. ९ र मा.शि.वि.ए. २५) सञ्चालनमा रहेका छन् । हाल माध्यमिक शिक्षा सहयोग कार्यत्रक्म (SESP) र शिक्षक शिक्षा आयोजना (TEP) को सहयोगमा प्रा.वि. देखि मा.वि. तह सम्मको १० महिने प्रमाणिकरण शिक्षक तालिम र १ महिने विद्यालय व्यवस्थापन तालिम अभियानकै रूपमा सञ्चालन भैरहेको अवस्था छ । अब सरोकारवाला सबैको खोजीको विषय भनेको शिक्षक तालिमले शिक्षाको गुणात्मक विकासमा पुऱ्याएको योगदान हो । अर्थात शिक्षाको गुणात्मक विकासमा शिक्षक तालिमको कस्तो प्रभाव परेको छ ? निश्चय नै खोज अध्ययन र अनुसन्धानको विषयवस्तु

बन्नै पर्दछ । दाता देखि उपभोक्तासम्मले संख्यात्मक वृद्धिबाट गुणात्मक विकास तर्फ फडको मार्ने बेला भै सकेको छ । त्यसैले अध्ययनकर्ताद्वारा सुनसरी जिल्लामा गुणात्मक शिक्षाको विकासमा प्राथमिक शिक्षक तालिमको प्रभाव पहिचान गरी वास्तविकता जनसमक्ष प्रस्तुत गरिएको छ ।

नेपालका करिब २०,००० सामुदायिक विद्यालयमा कार्यरत लगभग ८४,००० प्राथमिक शिक्षक मध्ये ७७,००० शिक्षक तालिम प्राप्त भै सकेको र बाँकी ७,००० तथा थप हुने समेतलाई सन् २००९ को जुलाई सम्ममा तालिम प्राप्त बनाइ सक्ने लक्ष्य रहेको वर्तमान अवस्थामा सुनसरी जिल्लामा १२ वटा स्रोत केन्द्र अन्तर्गत, ३१९ वटा सामुदायिक विद्यालयका जम्मा ११७५ जना प्राथमिक शिक्षक मध्ये ११०४ अर्थात ९४ प्रतिशत शिक्षक तालिम प्राप्त छन् । तालिम अप्राप्त शिक्षक ६ प्रतिशत मध्ये छिटै यो संख्या घट्ने अपेक्षा गरिएको छ ।

### १.१.१. सुनसरी जिल्लाको संक्षिप्त परिचय (Brief Introduction of Sunsari District)

लोकतान्त्रिक नेपालको पूर्वाञ्चल विकास क्षेत्र र कोशी अञ्चल अन्तर्गत पर्ने सुनसरी जिल्ला कृषि, उद्योग र पर्यटकीय दृष्टिकोणले ज्यादै महत्वपूर्ण रुपमा रहेको छ । औषत उष्णप्रदेशीय हावापानी रहेको यस जिल्लाको पूर्वमा मोरङ्ग जिल्ला पर्दछ भने पश्चिममा सगरमाथा अञ्चलको सप्तरी जिल्लासँग सप्तकोशी नदीले छुट्टयाएको छ । यसै गरी यसको उत्तरमा धनकुटा जिल्ला पर्दछ भने दशिक्षणमा छिमेकी मित्रराष्ट्र भारतको बिहार प्रदेश फैलिएको छ । धरान, इटहरी र इनरुवा नगरपालिका रहेको यस जिल्लाको जिल्ला सदरमुकाम इनरुवा हो ।

सप्तकोशी नदीको रमणीय वहावले सबैको मन लोभ्याउने यस जिल्लामा आन्तरिक र बाह्य पर्यटन उद्योगको विकासका लागि प्रशस्त सम्भावना रहेको छ । धार्मिक र पर्यटकीय दृष्टिकोणले कोशी बाराज, बराहा क्षेत्र, बिष्णुपादुका तथा धरानको पञ्चकन्या,

बुढासुब्बा, दन्तकाली, पिण्डेश्वरी बाबाधाम र रामधुनी ज्यादै प्रसिद्ध मानिन्छन् भने बन्य जन्तु आरक्षणमा ख्याति प्राप्त कोशीटप्पु यसै जिल्लामा रहेको छ ।

हावापानी, भू-बनोट र अवस्थितिका हिसाबले कृषि योग्य भूमिको प्रचुरता रहेको यस जिल्लाको मुख्य पेशा कृषि र पशुपालन रहेता पनि बढ्दो शहरीकरणसँगै व्यापार र उद्योग धन्दामा पनि विकासको गति निकै तीब्र देखिन्छ । जातीय बसोबासका दृष्टिकोणले यस जिल्लामा कुमाल, चेपाङ, गाइने, राउटे, आदि अपबाद छाडेर नेपालका सबै पहाड र मधेश मुलका मानिसहरु बसोबास गर्दछन् । आर्थिक, सामाजिक र शैक्षिक रुपमा जिल्लाको दक्षिण र दक्षिण पश्चिमी क्षेत्र भन्दा उत्तर र उत्तर पूर्वी क्षेत्र अगाडि रहेको पाइन्छ ।

**जिल्लाको जनसंख्या र शैक्षिक स्थिति :**

३ वटा नगरपालिका र ४९ वटा गा.वि.स. रहेको यस जिल्लाको कुल जनसंख्या ६,२५,६३३ रहेको छ, जसमा ३,१०,१०३ जना महिला र ३,१५,५३० जना पुरुष रहेका छन् । साक्षरता प्रतिशत ७४ रहेको देखिन्छ ।

यस सुनसरी जिल्लामा १२ वटा स्रोतकेन्द्र, सामुदायिक तर्फ, ११ वटा उच्च मा.वि., ६५ वटा मा.वि., ६२ वटा नि.मा.वि. र २०० वटा प्रा.वि.का साथै ४८५ वटा वालकेन्द्र रहेका छन् । ७ वटा क्याम्पस समेत रहेको यो जिल्ला संख्यात्मक रूपमा शिक्षामा अग्रणी देखिन्छ । जिल्लाको शैक्षिक तथ्याङ्क अनुसार माध्यमिक तहमा २९३ जना, निम्न माध्यमिक तहमा ४४२ जना र प्राथमिक तहमा महिला २८६ जना र पुरुष ८८९ जना समेत जम्मा ११७५ जना शिक्षकहरु हाल कार्यरत छन् । उक्त संख्या मध्ये प्रा.वि. तर्फ ९४% शिक्षकहरु तालिम प्राप्त रहेको देखिन्छ । त्यसैगरी हाल यस जिल्लामा माध्यमिक तहमा १८,९५१ जना, निम्न माध्यमिक तहमा ३५,७८० जना र प्राथमिक तहमा ९६,५३७ जना विद्यार्थीहरु अध्ययनरत रहेको पाइयो । उपरोक्त विवरण तालिकामा निम्न अनुसार छ ।

## तालिका नं. १
## सुनसरी जिल्लाका शैक्षिक संस्था र जनशक्ति विवरण शै.स.२०६५
(सामुदायिक मात्र)

| क.सं | क्या.सं | विद्यालय संख्या | | | | शिक्षक संख्या | | | विद्यार्थी संख्या | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उ.मा.वि. | मा.वि | नि.मा.वि | प्रा.वि. | मा.वि. | नि.मा.वि | प्रा.वि. | मा.वि. | नि.मा.वि | प्रा.वि. | |
| १. | ७ | ११ | ६५ | ६२ | २०० | २९३ | ४४२ | ११७५ | १८९५१ | ३५७८० | ९६५३७ | |

*स्रोत : जि.शि.का., सुनसरी*

## तालिका नं. २
## सुनसरी जिल्लाको प्राथमिक शिक्षक तालिम विवरण

| क.सं. | तह | तालिम प्राप्त | | | तालिम अप्राप्त | | | जम्मा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | |
| १. | प्रा.वि. | २७३ | ८३१ | ११०४ | १३ | ५८ | ७१ | २८६ | ८८९ | ११७५ | |

*स्रोत : जि.शि.का., सुनसरी*

## चित्र नं. १
## स्तम्भ चित्र
## सुनसरी जिल्लाको प्राथमिक शिक्षक तालिम विवरण




*स्रोत : जि.शि.का., सुनसरी*

**चित्र नं. २**

**वृत्त चित्र**

**सुनसरी जिल्लाको प्राथमिक शिक्षक तालिम विवरण**




**चित्र नं. ३**

**नक्सा**

*अध्ययन क्षेत्र देखाइएको सुनसरी जिल्लाको नक्सा*



### १.१.२. नेपालमा प्राथमिक शिक्षक तालिमको संक्षिप्त इतिहास (Short History of Teacher Training in Nepal) :

सन् १७०४ मा युरोपबाट सुरू भएको शिक्षक तालिम फ्रान्स, बेलायत र अमेरिका हुँदै वि.स. २००४ पद्म शम्शेरको पालामा आधार शिक्षा शिक्षक तालिम केन्द्रको स्थापनासँगै नेपाल भित्रिएको पाइन्छ । पछि ९ सेप्टेम्बर १९५४ मा आधार शिक्षा शिक्षक तालिम केन्द्र सञ्चालन भएको भवनमै राष्ट्रिय शिक्षक तालिम केन्द्रको स्थापना हुन पुग्यो । शिक्षक तालिमलाई थप प्रभावकारी बनाउन सन् १९५६ मा कजेल अफ एजुकेशन र सन् १९६२ मा नर्मल स्कूलको स्थापना भएको थियो । तत्कालीन नर्मल स्कूल सन् १९६४ देखि प्राथमिक शिक्षक तालिम केन्द्रको रूपमा रूपान्तर भै शिक्षक तालिमको जिम्मेवारी सम्हालेको पाइन्छ । वि.स. २०२७ सम्म महिला शिक्षक तालिम A लेवल र B लेवल युनिसेफको सहयोगमा सञ्चालित थियो । सन् १९७४ तिर दुर्गम क्षेत्र शिक्षक तालिम कार्यक्रम मार्फत हिमाली तथा मध्य पश्चिमी क्षेत्रमा कार्यरत शैक्षिक योग्यता नपुगेका प्राथमिक शिक्षकहरूलाई ४ वर्ष सम्मको सेवाकालीन प्राथमिक शिक्षक तालिम प्रदान गरिएको देखिन्छ । सन् १९८० देखि दूर सिकाइ कार्यक्रमका रूपमा समेत शिक्षक तालिम सञ्चालन भएको पाइन्छ । वि.स. २०३७ साल भाद्र ४ गते देखि प्रसारण आरम्भ भएको रेडियो शिक्षा तालिम वि.स. २०५० श्रावण १ गते देखि दूर शिक्षा केन्द्रको स्थापनाबाट अझ व्यवस्थित र प्रभावकारी बनेको देखिन्छ । यसरी योग्यता नपुगेका सेवाकालीन शिक्षकहरूलाई लक्षित शिक्षक तालिम सन् १९७२ देखि केही समय सम्म स्थलगत शिक्षक तालिम कार्यक्रमका रूपमा समेत कार्य थलोमै विहान बेलुका समुहगत रूपमा सञ्चालन भएको थियो ।

### १.१.३. शिक्षक तालिमसँग सम्बन्धित परियोजनाहरु (Related Projects to Teacher Training) :

सुरुका केही समय शिक्षाशास्त्र अध्ययन संस्थान अन्तरगत सञ्चालन भएका परियोजनाहरू सन् १९८१ पश्चात शिक्षा मन्त्रालय अन्तरगत राखेको पाइन्छ । सेती परियोजना (सन् १९८१ - १९९१) युनेस्को र यु.एन.डि.पी.को सहयोगमा सञ्चालन भएको

थियो । यस परियोजनाले शिक्षकलाई विभिन्न सीपहरूको विकास गराई परिवर्तनको बाहक बनाउने लक्ष्य लिएको थियो । प्राथमिक शिक्षाको गुणात्मक पक्ष सुधार गर्न अन्तराष्ट्रिय विकास संस्था र अन्तराष्ट्रिय बालकोषको सहयोगमा प्राथमिक शिक्षा परियोजना (PEP - सन् १९८२ - १९९२) स्थापना भएको हो । पछि आधारभूत तथा प्राथमिक शिक्षा परियोजना - प्रथम (BPEP – I सन् १९९७ - २००२) यू.एन.डि.पी., युनिसेफ, जाइका डेनिडा आदिको सहयोगमा सञ्चालन भएको थियो । स्मरण रहोस BPEP – II शिक्षा विभागले सोझै परिचालन गरेको थियो । शिक्षक तालिमका साथै अन्य भौतिक पूर्वाधार विकास गर्नमा प्राथमिक शिक्षा विकास परियोजना (PEDP सन् १९९२ - २०००) को भूमिका ज्यादै महत्वपूर्ण रहेको देखिन्छ । हाल सञ्चालनमा रहेका शिक्षक शिक्षा आयोजना (TEP सन् २००२ - २००८, NCED) र माध्यमिक शिक्षा सहयोग कार्यक्रम (SESP सन् २००३ - २००९, DOE) शिक्षक तालिमको इतिहासमा निकै चर्चित परियोजनाहरू हुन् ।

### १.१.४. प्राथमिक शिक्षक तालिम सम्बन्धी शिक्षा मन्त्रालयको नीति Policy about Teacher Training Determined by MOE):

नेपालमा प्राथमिक देखि माध्यमिक तहसम्मको १० महिने प्रमाणिकरण शिक्षक तालिमलाई ३ चरणमा विभाजन गर्ने नीतिगत व्यवस्था भएको छ । प्रा.वि.तहका ३ वटा चरणहरूलाई आधारभूत पहिलो चरण, दोस्रो चरण र तेस्रो चरण तथा नि.मा.वि. / मा.वि. तहका ३ वटा चरणहरूलाई पहिलो, दोस्रो र तेस्रो मोड्युल भन्ने गरिएको छ । सामान्यतया पहिलो र तेस्रो चरण / मोड्युललाई Face to face mode र दोस्रो चराण / मोड्युललाई Distance mode भन्ने गरिए पनि नि.मा.वि. / मा.वि. तहको पहिलो र तेस्रो मोड्युललाई १ महिने तालिम केन्द्रमा आधारित तथा १.५ महिने विद्यालयमा आधारित भनि छुट्टयाइएको छ । नि.मा.वि. / मा.वि. तहको तालिम पाठ्यक्रमले उद्देश्यहरूलाई सक्षमताको रूपमा किटान गरी यो तालिमलाई नै सक्षमतामा आधारित तालिम भनिएको छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले शिक्षक तालिम सम्बन्धी विविध सुझावहरू प्रस्ताव गरेको थियो । शिक्षण सिकाइ क्रियाकलापलाई विद्यार्थी केन्द्रित र

व्यावहारिक बनाउँदै गुणस्तर सम्बर्द्धन गर्ने र शिक्षण पद्धतिमा विविधता ल्याउने उद्देश्यले सबै शिक्षकलाई अनिवार्य तालिमको व्यवस्था गर्नुपर्ने सिफारिस आयोगले गरेको छ । यसैगरी नवौं पञ्चवर्षीय योजनाले ५०,००० प्राथमिक शिक्षकलाई तालिम प्राप्त बनाइ साक्षरता ७०% पुऱ्याउने लक्ष्य लिइएको थियो । यस्तै दशौं योजनाले गुणस्तरीय शिक्षाको परिभाषा र मापदण्डको विकास एवं परिमार्जन गर्दै सो को आधारमा शिक्षाका सबै तहका निकायहरूलाई नेतृत्व लिन सक्ने तुल्याइ जिम्मेवारी सुम्पने र यसका निमित्त सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन पद्धतिको सुदृढीकरण गर्नुका साथै सबै तहमा शिक्षण अनुमति पत्रको व्यवस्था लागु गरी प्राथमिक विद्यालयको शिक्षकको न्यूनतम शैक्षिक योग्यता प्रमाण पत्र तह र तालिम अनिवार्य गर्ने उद्देश्य राखेको देखिन्छ ।

देशका सबै प्राथमिक शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि गरी शिक्षण सिकाइलाई सफल बनाउन सन् २००३ सम्म सम्पूर्ण प्राथमिक शिक्षकहरूलाई पहिलो चरणको २.५ महिने तालिम प्रदान गरिसक्ने र सन् २००९ सम्म १० महिने तालिम दिइ सक्ने नीति रहेको र सो का लागि आवश्यक पूर्वाधार सहितको संगठनात्मक स्वरूप निर्माण गरेको छ ।

### १.१.५. शैक्षिक जनशक्ति विकास केन्द्र (National Centre for Educational Development):

शिक्षा क्षेत्रमा कार्यरत सम्पूर्ण जनशक्तिलाई तालिमको व्यवस्था गरी शैक्षिक गुणस्तर विकास गर्न वि.स. २०५० सालमा शैक्षिक जनशक्ति विकास केन्द्र (NCED) को स्थापना भएको हो । शिक्षा तथा खेलकुद मन्त्रालयको विभागीय स्तरको यस केन्द्रको प्रधान कार्यालय सानोठिमी भक्तपुरमा रहेको छ । केन्द्र अन्तरगत हाल २९ वटा शैक्षिक तालिम केन्द्र र ५ वटा उपकेन्द्रहरू रहेका छन् । यस केन्द्रको प्रमुख कार्यहरू केन्द्र देखि समुदाय सम्मका मानव संसाधनहरूको क्षमता अभिवृद्धि गर्ने तालिमका लागि आवश्यक नीति निर्माण, आवश्यक्ता पहिचान, पाठ्यक्रम र तालिम सामग्री विकास, तालिम व्यवस्थापन र गुणस्तर नियन्त्रण आदि हुन् । एशियाली विकास बैंकबाट (प्रथमिक शिक्षा विकास परियोजना २०४९ देखि नै) निरन्तर सहयोग पाउँदै आएको यस केन्द्रले आर्थिक वर्ष २०५९/०६० देखि

६ वर्षका लागि बैंकको ऋण सहयोगमा शिक्षक शिक्षा आयोजना कार्यान्वयन गरीरहेको छ । नि.मा.वि. ⁄ मा.वि. तहको तालिम सञ्चालनार्थ शिक्षा विभागको माध्यमिक शिक्षा सहयोग कार्यक्रम (SESP) मार्फत समेत यस केन्द्रलाई आर्थिक सहयोग प्राप्त भएको छ ।

## १.२. समस्याको कथन (Statement of the Problem) :

नेपालमा विगत ६ दशक देखि विभिन्न आरोह अवरोह पार गर्दै संस्थागत रूपले निरन्तर शिक्षक तालिम सञ्चालन भएको पाइन्छ । सरकारले शिक्षाको संख्यात्मक वृद्धिलाई मात्र ख्याल नगरी गुणात्मक विकासलाई समेत जोड दिएको कुरा विभिन्न दस्तावेजहरूमा उल्लेख गरिएको छ । यद्यपि प्राथमिक तहको शिक्षा निम्नस्तरीय छ भन्ने जनगुनासो सर्वत्र सुनिन्छ । कतिपय शिक्षा शास्त्रीहरूले त शिक्षक तालिममा गरिएको लगानी बालुवामा पानी हाले सरह भएको निष्कर्ष समेत निकालेका छन् । शिक्षण सिकाइ गुणस्तरीय हुन नसकेको कुरा आ.प्रा.शि.प.को मध्यावधि मूल्याङ्कन २०५३ ले देखाएको छ । यसो हुनका काराणहरू शिक्षा सैद्धान्तिक हुनु, शिक्षक दरबन्दी कम हुनु र तालिम प्राप्त शिक्षकले अपेक्षित दक्षता देखाउन नसक्नु जस्ता कारक तत्वहरूले दुवै थरी शिक्षकहरूले अध्यापन गरेका विद्यार्थीहरूको शैक्षिक उपलब्धीमा खासै भिन्नता रहेको छैन ।

विभिन्न चर्का स्वरहरू गुञ्जिरहेकै छन् । अध्ययन र अन्वेषणबाट सत्य तथ्य पत्ता लगाउने प्रयास भै रहेकै छ । तालिम सम्बन्धी नकारात्मक प्रचार जति फैलिए पनि यथार्थ सम्म पुग्नै पर्दछ । तालिमले शिक्षकलाई गुणस्तर बढाउने जादुको छडी प्रदान गर्दैन । फुः मन्तर गर्दा सहयोग जुट्ने र छुः वाचा भन्दा मन परिवर्तन हुने बुटी दिँदैन । अविरलको बन्द, हडताल, विवाद र हस्तक्षेपले विद्यालयको ढोकै नखुल्नु, समुदायबाट अपेक्षित सहयोग नजुट्नु, खुला चौरमा कक्षा चलाउन बाध्य पारिनु, स्रोतको सदुपयोग नहुनु, विद्यालयलाई राजनीतिको अखडा बनाउनु, पेशागत सहयोग नपुग्नु, समय सापेक्ष र भूगोल सुहाउँदो पाठ्यक्रम नहुनु र सुविधाविहिनका लागि न्यूनतम सहयोग नहुनु जस्ता शिक्षाको गुणस्तर विकासमा प्रत्यक्ष सम्बन्ध राख्ने पक्षहरूलाई एकातिर पन्छाएर वा ती सबै कुरामा आँखा चिम्लेर शिक्षक तालिमले मात्र शिक्षाको गुणस्तर विकासमा योगदान पुऱ्याउन सकेन भन्ने

निष्कर्ष वा निचोडलाई भ्रामक, मन गढन्ते तथा बौद्धिक बुर्जुवाबाद अथवा धुर्त पाण्डित्यवादको संज्ञा दिन सकिन्छ । जगजाहेर हुनै पर्ने के हो भने शिक्षक उपलब्ध सुविधाको अधिक र उचित सदुपयोगबाट शैक्षणिक प्रभावकारितामा ठोस योगदान पुऱ्याउने कक्षाकोठा भित्रको प्रमुख पात्र हो । निश्चय नै स्रोत जुटाउने र वातावरण बनाउने काममा उसले सहयोगी भूमिका खेल्न सक्दछ तर तालिम लिदैमा सबै पक्षको एक्लो ठेकेदार शिक्षक कदापि हुन सक्दैन । अपेक्षित सिकाइ थलो र समय सन्दर्भ सुहाउँदो पाठ्यक्रम प्रदान गर्ने हो भने शिक्षक तालिम माथि लगाइएका धेरै दोष सहजै पखाल्न सकिन्छ ।

देवकोटा (२०५४) को एउटा प्रतिवेदन अनुसार तालिम प्राप्त शिक्षकहरूलाई आफूले तालिम प्राप्त गर्दाका सीप कक्षामा प्रयोग गर्न विद्यालयमा आवश्यक वातावरण सिर्जना हुन नसकेको देखाइएको छ । डंगोल (२०३३) को शोध अनुसार तालिम अप्राप्त भन्दा तालिम प्राप्त शिक्षकहरूको शिक्षण कुशल र सफल रहेको निचोड निकालिएको छ । त्यसै गरी कर्माचार्य (१९८२) का अनुसार तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको शिक्षण व्यवहार र सिकाइ उपलब्धीको प्रगतिमा अपेक्षित भिन्नता नदेखिनुका कारणमा तालिमबाट सिकेका ज्ञान, सीप र विद्यालयमा पठनपाठन हुने विषयवस्तु बीच सामञ्जस्यता नहुनु उल्लेख गरिएको छ । यस अनुच्छेदमा उल्लेख भएको अवस्था सुनसरी जिल्लामा पनि विद्यमान छ । यसकारण प्रस्तुत अध्ययनले सुनसरी जिल्लाका प्राथमिक तहका तालिम प्राप्त र अप्राप्त शिक्षकहरू बीचको वास्तविक भिन्नताको बारेमा खोजी नीति गरेको छ । शोधकार्यमा राखिएका उद्देश्यहरू पूरा गर्न विभिन्न अनुसन्धानात्मक प्रश्नहरूको कसीमा राखी अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ । संस्थागत रूपमा प्राथमिक शिक्षक तालिमका दशकौं वर्ष विते पनि तालिम प्रदान गरिनु तर त्यसको प्रभावकारिता अध्ययन नहुनु, तालिमको प्रयोग कक्षाकोठामा के कसरी भइरहेको छ त्यसको वास्तै नहुनु जस्ता समस्याहरू देखिएको हुँदा यो अध्ययन त्यस विषयवस्तु तर्फ उन्मुख भएको छ । सुनसरी जिल्लमा तालिमले पुऱ्याएको योगदानका बारेमा भरपर्दो शोधकार्य नभएको हुनाले यस जिल्लाको शैक्षिक विकासमा प्राथमिक शिक्षक तालिमले खेलेको भूमिका उजागर गर्दै वास्तविक प्राप्तिहरू (Findings) जन समक्ष पुऱ्याउने हेतुले यो शोध शीर्षक छनौट गरी शोधकार्य सम्पन्न गरिएको हो ।

## १.३. अध्ययनको महत्व (Significance of the Study) :

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र शिक्षा नियमावली २०४९ ले विद्यालय शिक्षक सेवामा प्रवेश गर्न तालिम सहितको शैक्षिक योग्यता निर्धारण गरे पनि तत्काल अधिकांश कार्यरत शिक्षक तालिम बेगरको न्यूनतम योग्यतावाला मात्र भएको हुँदा राष्ट्रिय शिक्षा आयोग २०४९ को सिफारिस बमोजिम शिक्षा मन्त्रालय अन्तरगत शैक्षिक जनशक्ति विकास केन्द्र र केन्द्रका विभिन्न २९ वटा शैक्षिक तालिम केन्द्र र ५ वटा उपकेन्द्र शिक्षक तालिमका लागि कार्यरत छन् । जसरी युद्धको राम्रो तयारीले विजयको आभास दिन्छ त्यसरी नै तालिमको राम्रो तयारीले प्रभावकारी तालिमको संकेत गर्दछ (प्रा.शि.तालिम स्वाध्ययन सामग्री २०५७) भने झै उल्लेखित जिम्मेवार संस्थाहरू व्यवस्थित तयारीका साथ शिक्षक तालिममा होमिएका छन् । शिक्षक सिकाइ प्रक्रियाको प्रमुख आधार शिक्षक हो । कुनै पनि तहको गुणस्तरीय शिक्षाका लागि दक्ष र क्षमतावान शिक्षक पहिलो सर्त हुन सक्दछ । शिक्षकको पेसागत ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्ने भरपर्दो साधन तालिम हो । तालिम प्राप्त शिक्षकले नै शिक्षण सिकाइ क्रियाकलापलाई सरल, सहज र प्रभावकारी बनाउन सक्दछ । विद्यार्थीको रूची, चाहाना र आवश्यक्तालाई पहिचान गरी सहज सिकाइ वातावरणमा रमाइलो सिकाइ गराउने सक्षमता तालिमले प्रदान गर्दछ । बाल मानोविज्ञान बुझी व्यवहार गर्ने कुरा तालिमका स्वभाविक उपज हुन् । शिक्षकलाई शिक्षणका लागि आवश्यक तयारी देखि शैक्षिक सामग्री, शिक्षण विधि र विद्यार्थी मूल्याङ्कनका विविध पक्षहरूमा व्यावहारिक सीप प्रदान गरी दक्ष र सक्षम बनाउने कार्य तालिमको हो । फेरिपनि किन तालिम प्राप्त र अप्राप्त शिक्षकको शिक्षणमा भिन्नतै छैन भनिन्छ ? आश्चर्य छ ! सबै सरोकारवालाहरूमा स्वाभाविक जिज्ञासा र कौतुहलता हुन सक्छ । यस अध्ययनले निश्चय नै ती कौतुहलता मेटाएको हुनु पर्दछ ।

सुनसरी जिल्लामा गुणस्तरीय शिक्षाका लागि तालिम प्राप्त शिक्षकको भूमिका केवल अनुमानमा सिमित रहेको थियो । यस जिल्लामा हाल सम्म कुनै अध्ययन भएको थिएन । तसर्थ यो अध्ययन सार्थक र उपयोगी ठहर हुने विश्वास लिइएको छ । तालिम प्राप्त र अप्राप्त शिक्षकले गराएको अध्यापनमा कुनै भिन्नता छ कि छैन ? ती शिक्षकहरूको बानी

व्यहोरा, अध्यापन शैली, व्यक्तिगत र पेसागत गुण, सामाजिक व्यवहार र मानोविज्ञानमा के कस्तो भिन्नता पाइदोरहेछ ? भनि खोजपूर्ण अनुसन्धानबाट निष्कर्षमा पुगिएको हुनाले अध्ययन औचित्यपूर्ण रहेको विश्वास गरिन्छ । गुणात्मक शिक्षाको विकास राष्ट्रिय महत्वको विषय हो । सुनसरी जिल्लाको सिमित घेराभित्र गरिएको भएपनि प्रस्तुत शोधकार्य सबै सरोकारवालाहरूका लागि महत्वपूर्ण साबित हुने विश्वास गर्न सकिन्छ ।

## १.४. अध्ययनको उद्देश्य (Objectives of the Study) :

शिक्षा विषय स्नातकोत्तर तहको शोधपत्र तयार गर्ने क्रममा सुनसरी जिल्लाको गुणात्मक शिक्षामा प्राथमिक शिक्षक तालिमले पारेको प्रभाव पहिचान गरी सरोकारवाला सम्म पुऱ्याउने अभिप्रायले गरिएको यस अध्ययनका उद्देश्यहरू यस प्रकारका छन् ।

क. गुणात्मक शिक्षाका लागि प्राथमिक शिक्षक तालिमले पारेको प्रभाव पहिचान गर्ने ।

ख. तालिम प्राप्त र अप्राप्त शिक्षकद्वारा गरिने अध्यापनबाट विद्यार्थीको सिकाइ उपलब्धीमा हुने भिन्नता पत्ता लगाउने ।

ग. ती शिक्षकहरूको व्यक्तिगत तथा सामाजिक गुण र शिक्षण शैलीमा पाइने भिन्नता तुलना गर्ने ।

घ. गुणात्मक शिक्षाका लागि शिक्षकले भोग्नु परेका समस्याहरू पहिचान गरी निदानका उपायहरू सुझाउने ।

ङ. शिक्षाको गुणात्मक विकासका लागि सुझावहरू प्रस्तुत गर्ने ।

## १.५. अध्ययनको परिसीमा (Delimitation of the Study) :

अध्ययनमा सुनसरी जिल्लाको ७ वटा स्रोत केन्द्र भित्र पर्ने १६ वटा सामुदायिक विद्यालयका प्राथमिक तहमा कार्यरत शिक्षकलाई सम्पूर्ण जनसंख्याका रुपमा लिइएको छ । विद्यालय, शिक्षक र विद्यार्थीको छनौट Purposive Random Sampling प्रक्रियाको आधारमा गरिएको हो । अन्य पक्षहरुसँग आपसी सहकार्य र सहमतिका आधारमा अध्ययनको आवश्यक्ता पूरा गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तरगत शैक्षिक योजना तथा व्यवस्थापन विषयमा स्नातकोत्तर तहको शिक्षा उपाधीका लागि गरिएको यस अध्ययनमा समय र साधनको कमी छ । अध्ययनकर्ताको दक्षता सिकारु चरणमा छ । विद्यालयको बर्षे विदा र बन्द हडतालहरुबाट अध्ययन अछुत रहन सकेन र विभिन्न भाषा, संस्कृति र भौगोलिक विविधताले भरिपूर्ण यस जिल्लाको सिंगो प्रतिविम्व अध्ययनमा समावेश छ भन्न ज्यादै कठीन छ । यद्यपि सिमित भूगोल भित्रका सबै विविधता समेटी नमूना छनौटका आधारमा सुनसरी जिल्लाकै प्रतिनिधित्व हुने गरी अध्ययनलाई प्राथमिक तहमा सिमित गरिएको छ । अध्ययनको विषयवस्तुले प्राथमिक तहका शिक्षक र विद्यार्थीलाई मूल चरित्रको रुपमा उल्लेख गरेको भए पनि विभिन्न निकायमा कार्यरत कर्मचारी पदाधिकारी, प्रधानाध्यापक र अन्य सरोकारवालाहरुलाई समेत समावेश गरिएको छ । बुँदागत रुपमा अध्ययनका सिमाहरू (Limitations) निम्न छन् ।

क. यो अध्ययन प्राथमिक तहका तालिम प्राप्त र अप्राप्त शिक्षकहरुमा केन्द्रित छ ।

ख. यो अध्ययन सुनसरी जिल्लाको १६ वटा सामुदायिक विद्यालयका प्राथमिक तहका शिक्षक विद्यार्थीसँग सम्बन्धित छ ।

ग. १६ वटा विद्यालयबाट तालिम प्राप्त १६ र तालिम अप्राप्त १६ जना शिक्षकहरु Sampling का आधारमा नमूना छनौट गरी अध्ययन सिमित गरिएको छ ।

घ. गुणात्मक शिक्षामा तालिमको प्रभावकारिता अध्ययन विश्लेषण गर्दा परीक्षाफल, अभिभावक संतुष्टी, विद्यार्थी व्यवहारका अतिरिक्त शिक्षणका लागि योजना, सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन र गृहकार्य समेतलाई समेटिएको छ ।

ङ. यो अध्ययन अनुदान प्राप्त सामुदायिक विद्यालयमा मात्र सिमित छ ।

च. अध्ययनकर्ताले विभिन्न माध्यमबाट सूचना संकलन तथा अभिलेख अध्ययन गर्नुका साथै स्वयमले स्थलगत भ्रमण र कक्षा अवलोकन गरी अध्ययनलाई विश्वसनीय बनाउने प्रयास गरिएको छ ।

# परिच्छेद - दुई [Chapter – Two]

## सम्बन्धित साहित्यको पुनरावलोकन (Review of the Liturature)

**२. सम्बन्धित साहित्यको पुनरावलोकन (Review of the Related Liturature) :**

**२.१. अध्ययनको सैद्धान्तिक रुपरेखा (Theoretical Framework of the Study) :**

यस अध्ययनलाई विश्वसनीय र भरपर्दो बनाउन विश्वका ख्यातिप्राप्त र प्रचलित सिकाइ सिद्धान्तमा अध्ययन केन्द्रित गरिएको छ । Skinner को Operant Conditioning Theory, Pavlov को Classical Conditioning Theory र Thorndike को Trail and Error Theory हरूमा अध्ययन आधारित छ ।

स्किनरका अनुसार उत्प्रेरणाद्वारा कुनै कुरा सिक्नका लागि आतुर सिकारूले सिक्ने अनेकौ प्रयास (उत्तेजना) देखाउँछ । सम्बलनद्वारा सही प्रतिक्रियालाई उत्तेजनासँग सम्बन्धित गराउँदै गएमा सिकाइ प्रभावकारी हुन्छ । स्किनरले पिंजडामा थुनिएको भोको मुसा खानाको खोजीमा बाहिर निस्कन खोज्दा छेस्किनी दविएर खाना मुखमा आए जस्तै शिक्षकले जोड हिसाब (अस्वाभाविक उद्दिपक) बालकलाई दिंदा जोड हिसाब गर्नु ( स्वाभाविक प्रतिक्रिया - CR) र चकलेट (स्वभाविक उद्दिपक - UCS) प्राप्त गरी खानु (स्वाभाविक प्रतिक्रिया - UCR) हो भनेका छन् । त्यस्तै सफलता पूर्ण प्रयासले मुसो भोकाउन वित्तिकै पुन छेस्किनी दवाउन पुगे झै बालक चकलेटको आसामा निरन्तर हिसाव गर्ने अभ्यासमा लाग्दछ । शर्मा एण्ड शर्मा (२०६०) ले The concept of the reflex in the description of behaviour भन्ने शोधपत्रमा मानवीय व्यवहारमा पनि परेवा र मुसामा जस्तै Reinforcement दिदै जादा निरन्तर अभ्यास भएमा बालबालिकाहरुले रूचाएको प्रतिक्रियालाई उत्तेजनासँग सम्बन्ध स्थापित गरेर सिक्ने वा सिकाउने प्रक्रिया हुन्छ भन्ने व्यक्त गरेका छन् । यसमा पुनर्वल (Reinforcement) को प्रयोग गरी प्राणिलाई प्रतिक्रिया गर्न उत्प्रेरित गरेको पाइन्छ ।

*(शर्मा निर्मला र शर्मा चिरञ्जीवी - २०६४)* यस सिद्धान्तलाई शिक्षक तालिमको क्षेत्रमा प्रगोग गरी शिक्षकको व्यवहार निर्माण तथा गुणात्मक र भरपर्दो परिवर्तन गराउन सकिन्छ । यसै अनुरूप आज शिक्षक तालिमको क्षेत्रमा Behaviour modification technique तथा Reinforcement approach प्रयोगमा आएको पाइन्छ । यस सिकाइ सिद्धान्तमा सिकाइ प्रक्रियालाई सफल बनाउन उत्तेजना र प्रतिक्रियाको सम्बन्ध स्थापित गरी विद्यार्थीको व्यवहार परिवर्तन गर्न शिक्षक तालिम प्राप्त हुनुपर्ने कुरा प्रष्ट पारिएको छ । तसर्थ शिक्षाको गुणात्मक विकासमा शिक्षक तालिमको आवश्यक्ता भएकोले आफ्नो अध्ययनलाई यस ढाँचामा आधारित गराइ विश्लेषण गरिएको हो ।

प्याभलभका अनुसार घण्टीको आवाज सुन्दा कुनै वास्ता नगर्ने कुकुरलाई घण्टीको आवाजसँगै मासु खान दिंदा लामो अभ्यास पछि घण्टीको आवाज सुन्न वित्तिकै र्‍याल काढ्ने र खानेकुरा खोज्ने बनाए झै प्रसंसा वा पुरस्कारको लोभमा बच्चाबाट पनि सांकेतिक सिकाइ गराउन सकिन्छ । जहाँ स्वभाविक वश्यक (UCS) लाई अस्वभाविक वश्यक (CS) सँग प्रस्तुत गरी अस्वभाविक प्रतिक्रिया (CR) गर्न बाध्य पारिन्छ । *(शर्मा निर्मला र शर्मा चिरञ्जीवी - २०६४)* यसै सिद्धान्तको आधारमा आज शिक्षक तालिमको क्षेत्रमा Conditioning Approach प्रयोग गरिएको पाइन्छ । यो सिकाइ सिद्धान्त अनुसार सिकाइ गराउन तालिम प्राप्त शिक्षक आवश्यक पर्दछ । तसर्थ अध्ययनलाई यस सिद्धान्तको ढाँचामा राखेर विश्लेषण गरिएको छ ।

Thorndike का अुनसार स्नायुहरुले मष्तिस्कमा सन्देश (सूचना) दिएपछि स्थापना भएको सम्बन्धबाट सिकाइ हुन्छ । उनले सिकाइलाई मनोवैज्ञानिक यान्त्रिक प्रक्रिया मानेका छन् । उनले उत्तेजना र प्रतिक्रिया बीच स्नायुहरुको सम्बन्धमा आधारित सिकाइ सिद्धान्तलाई प्रयत्न र भूल सिकाइ सिद्धान्त भनेका छन् । उनका अनुसार धेरै समय सम्म प्रयत्न गर्दै जाँदा संवेगहरु बलिया भई असफल संवेगलाई हटाउँछ र सफल संवेगहरु मानवीय व्यवहारमा लागु हुन्छ । एउटा Puzzle Box मा ५ दिनसम्म भोकै राखिएको विरालोले क्रमशः सुधारात्मक प्रतिक्रिया देखाउँछ । *(भट्टराई, होमनाथ - २०६१)* व्यक्तिले कार्य गर्दै जाँदा भूलहरू हट्दै जान्छन भन्ने कुराहरूलाई जोड दिइएको छ ।

जस अनुरूप शिक्षक तालिमको क्षेत्रमा Law of Practice को प्रयोग सँग सँगै पुरस्कार (Reward) र दण्ड (Punishment) को प्रगोगलाई व्याख्या गरिएको छ । जसमा दण्ड भन्दा पुरस्कार बढी उपयोगी हुने कुरामा जोड दिइएको छ । अन्त्यमा विना गल्ती एकै पटकमा ढोका खोली माछा खानसफल भए झै कक्षा कोठाको शिक्षण सिकाइमा पनि यस्ता सफल व्यवहार देखिने र सो का लागि तालिम प्राप्त शिक्षक आवश्यक पर्ने हुँदा अध्ययनलाई यस सिद्धान्तमा आधारित गराइ विश्लेषण गरिएको छ ।

## २.२. सम्बन्धित अनुसन्धान, प्रतिवेदन लेख रचना र कृति समिक्षा (Review of Related Research, Report Article and Publications)

कोइराला, विद्यानाथ (२०६२) ले शिक्षक तालिमको खाका र आवश्यकतालाई प्रष्ट्याएका छन् । विद्वान शिक्षाविद प्रा.डा.कोइरालाको गुणात्मक शिक्षाका लागि शिक्षक तालिम भन्ने लेखमा गुणात्मकताको अर्थ, तालिमको स्वरुप, पाठ्यक्रमको ढाँचा र तालिमको अपरिहार्यता राम्ररी उल्लेख गरिएको छ । उनले कार्यक्षेत्रमा पाइने सर्वोच्चता नै गुणात्मकता हो भन्दै सो प्राप्तिका लागि समय र सन्दर्भ सुहाउँदो शिक्षक तालिम आवश्यक पर्ने कुरा लेख मार्फत स्पष्ट पारेका छन् । *(शिक्षक शिक्षा - २०६२)*

चित्रकार, रोशन (२०६४) का अनुसार शिक्षाको गुणस्तर विकासका लागि शिक्षण सिकाइ प्रभावकारी हुनुपर्ने र शिक्षक तालिमले शिक्षकको कार्यशैली परिवर्तन गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । विद्वान शिक्षाविद डा.चित्रकारले गुणस्तरिय शिक्षण र शिक्षक तालिमको सवाल भन्ने लेखमा तालिम प्राप्त र अप्राप्त शिक्षक बीच पाइने भिन्नता र ती दुईमा हुनुपर्ने अपेक्षित भिन्नता बारे चर्चा गरिएको छ । जे होस तालिमले व्यवहार परिवर्तनमा जोड दिनुपर्ने, तालिम प्राप्त शिक्षक कार्यथलो (कक्षा कोठा) मा सफल र व्यावहारिक हुनु पर्ने, प्रभावकारी शिक्षण सिकाइले शिक्षाको गुणस्तर वृद्धि हुने र गुणस्तरीय

शिक्षाका लागि शिक्षक तालिम अनिवार्य हुने कुरा उक्त लेखमा खुलस्त पारिएको छ । *(शिक्षक शिक्षा - २०६४)*

सिन्हा, रामस्वरूप (२०६३) मा शिक्षाको गुणस्तर अभिवृद्धि र मापदण्ड निर्धारणका सम्बन्धमा आफ्नो महत्वपूर्ण दृष्टिकोण पेस गरेको पाइन्छ । एक्काइसौं शाताब्दीमा हुनुपर्ने शैक्षिक गुणस्तर र सो का लागि हाम्रो नीति, हाम्रो सोचाइ, हाम्रो व्यवहार र हाम्रो कार्य कौशल यस कृतिका प्रमुख विशेषताहरु हुन् । यसमा शिक्षाको गुणस्तर विकासका लागि जनशक्ति विकासको स्पष्ट अवधारणा पाइन्छ । लेखकले शिक्षा क्षेत्रको लामो कार्यानुभव पस्कदै भविष्यको मार्ग दर्शन गरेको पाइन्छ । शैक्षिक जनशक्ति विकास केन्द्रका कार्यकारी निर्देशक हुँदै हाल शिक्षा सचिव हुनु भएका लेखकले शैक्षिक गुणस्तरका लागि जनशक्ति विकास र सक्षम जनशक्ति विकासका लागि तालिमको अपरिहार्यतालाई राम्ररी पुष्टी गर्नु भएको छ । पेज २२१ मा श्री सिन्हा लेख्नुहुन्छ *"विशेष गरी व्यवस्थापन र शिक्षणलाई प्रभावकारी बनाइ शैक्षिक उपलब्धीको स्तर उच्च राख्न र शैक्षिक प्रणालीको आन्तरिक सक्षमतामा अभिवृद्धि गरी प्रभावोत्पादक स्थिति कायमै राख्न तालिम प्राप्त शिक्षकको महत्वपूर्ण भूमिका रहन्छ ।"* अर्थात शैक्षिक उपलब्धी स्तरलाई उच्च बनाउन र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षक तालिमको उल्लेखनीय योगदान हुन्छ । *(एक्काइसौं शताब्दीको शैक्षिक दूरदुष्टि - २०६३)*

वाग्ले, मनप्रसाद (२००१) ले आफ्नो लेख मार्फत अधिकांस आर्थिक स्थिति कमजोर भएका देशहरूको कक्षाकोठा शिक्षण शिक्षकको भरमा चलेको र शिक्षक - पाठ्यपुस्तक - विद्यार्थी नै शिक्षाको मोडेल भएको कुरा पस्कनु भएको छ । विद्वान शिक्षाविद प्रा.डा. वाग्लेका अनुसार नेपालमा प्रमाणीकरण र तत्कालीन गरी दुई प्रकारको तालिमको व्यवस्था गरिएको र यस्ता तालिम सञ्चालन गर्ने जिम्मेवारी NCED ले विभिन्न ETC मार्फत पूरा गरी रहेको कुरा प्रष्टयाउँदै श्री वाग्लेले विभिन्न विश्वविद्यालयका I.Ed, B.Ed लाई समेत तालिमको

मान्यता भए पनि अध्ययनले तालिमको प्रभावकारिता कक्षा कोठामा पुग्न नसकेको निष्कर्ष पेस गर्नु भएको छ । वहाँको तर्क छ त्यसैले शिक्षकको दक्षता प्रमाणित गर्न शिक्षण लाइसेन्सको व्यवस्था गरिएको हो । *(शैक्षिक उन्नयन - भोलुम - १)*

विष्ट, मिनबहादुर (२०५९) ले कक्षा शिक्षणको Comparative study बाट शिक्षक तालिमको अपरिहार्यता पुष्टी गर्नु भएको छ । नेपालका ख्यातिप्राप्त विद्वान शिक्षाविद डा.बिष्टका अनुसार शिक्षा क्षेत्रमा कक्षा शिक्षणलाई प्रभावकारी बनाइ शैक्षिक उपलब्धि स्तर अभिवृद्धि गर्न तालिम प्राप्त शिक्षकको अहम् भूमिका रहने कुरामा दुईमत हुनै सक्दैन । डा.बिष्टको अध्ययनले निम्न पक्षहरुमा तालिम प्राप्त शिक्षकको कक्षा क्रियाकलाप तालिम अप्राप्त शिक्षकको भन्दा बढी प्रभावकारी देखाएको छ ।

क. कक्षा व्यवस्थापन
ख. समय व्यवस्थाप
ग. योजनाको तयरी
घ. शिक्षण विधिको प्रयोग
ङ. शैक्षिक सामग्रीको प्रयोग
च. पाठप्रतिको अग्रसरता
छ. मनोविज्ञानमा आधारित शिक्षण
ज. सिकाइ उपलब्धीको स्तर
झ. व्यवस्थित र योजनाबद्ध शिक्षक विद्यार्थी क्रियाकलाप
ञ. बलकेन्द्रित शिक्षण
ट. विद्यार्थी मूल्याङ्कन

अतः शिक्षकहरूमा पेसागत एवम् व्यावसायिक सीप र क्षमताको समुचित विकास हुनुपर्दछ । यसका लागि शिक्षक विकास कार्यक्रम (Teracher Development Program) सञ्चालन गर्नुपर्ने हुन्छ, जसले शिक्षकहरुको प्राज्ञिक, पेसागत एवं वृत्ति विकासमा समेत सहयोग पुग्दछ । ***(A Comperative Study of Classrooms – 2059, DEC)***

श्रेष्ठ, केदारनाथ (२०६१) ले शिक्षकलाई तालिम हैन गुणस्तीर तथा समसामयिक तालिम आवश्यक छ भन्नु भएको छ । डा.श्रेष्ठका अनुसार वर्तमान शिक्षक तालिमले कक्षा शिक्षणमा अपेक्षित सुधार गर्न नसक्नुको मुख्य कारण तालिम पाठ्यक्रम र विद्यालय तहको पाठ्यक्रम बीच तालमेल र सामञ्जस्यता नहुनु हो । नेपालमा शिक्षक तालिम भन्ने आफ्नो लेखमा डा.श्रेष्ठले शिक्षक तालिम र नीति निर्माण, शिक्षक तालिम प्रदान गर्ने निकाकयहरु, तालिम प्राप्त शिक्षक तथा विद्यालय र शिक्षक तालिममा सहयोग गर्ने निकायहरु बारे आफ्ना भनाइहरु प्रस्तुत गर्दै तालिम प्रभावकारी नहुनुमा सरकारी नीति कार्यान्वयन नहुनु, तालिम पाठ्यक्रम सामयिक नहुनु र कार्यान्वयन प्रक्रिया सबल नहुनु हुन भनेर किटानी गर्नु भएको देखिन्छ । *(अन्तराष्ट्रिय शैक्षिक मञ्च, वर्ष - ३, अङ्क - ८)*

गोरखापत्रले आफ्नो सम्पादकीयमा विद्यालय भाषिक पक्षमा सबल भए पनि अन्य पक्षमा गौण बनिरहेको उल्लेख गरेको छ । उक्त सम्पादकीय लेखमा पाठ्यक्रमीक उद्देश्य प्राप्तिमा सबभन्दा पहिला तालिम प्राप्त शिक्षक र समन्वयात्मक शैक्षिक कार्यक्रमको कार्यान्वयनमा जोड दिइएको छ ।

**Khadka (2056)** द्वारा Importance of teacher Training मा शिक्षण प्रभावकारी र समय सापेक्ष बनाउन तालिमको महत्व अपरिहार्य भएको तथा पाठ्यक्रममा निर्दिष्ट सिकाइ उपलब्धिहरु हासिल गराउन र उपयुक्त मूल्याङ्कन विधिको प्रयोग गर्न शिक्षक तालिमको व्यवस्था अनिवार्य हुनु पर्ने विचार प्रस्तुत गरिएको छ । *(शैक्षिक झलक - २०६२ जि.शि.का.,बर्दिया)*

**Goods (1959)** ले Dictionary of Education मा शिक्षाको आधारभूत तहमा स्तरीय शिक्षा दिन नसकेमा व्यक्ति र राष्ट्रको विकासको कल्पना गर्नु मुर्खता हुने ठानेका छन् ।

**Funk and Wagnalls (1960)** ले New Standard Dictionary मा शिक्षकसँग भएको विशेष किसिमको योग्यताले विद्यार्थीहरुलाई बौद्धिक क्षमता विकास गराइ कुशल आचरणको निर्माणमा सहयोग पुग्ने ठानेका छन् ।

**Sadler (1962)** ले Training for Teaching, London मा शिक्षण कलामा निपुण शिक्षकले नै प्रभावकारी शिक्षण गर्नसक्ने भएकाले शिक्षाको गुणस्तर वृद्धि शिक्षकले मात्र गर्न सक्दछ भनेका छन् । यसैगरी उनले शिक्षाको गुणस्तर विकासका लागि प्रत्येक शिक्षकमा विषयवस्तुको उच्च ज्ञान, शिक्षण कौशल, बाल मनोविज्ञानको ज्ञान, शिक्षण सामग्री र विधिको ज्ञान हुनु पर्ने बताएका छन् । *(ऐर, कमल सिंह - २०५६, स्नातकोत्तर शोधपत्र)*

## २.३. अध्ययनको उपादेयता (Usefulness of the Study)

यसरी सबै लेख रचनाहरूको विश्लेषण गर्दा सबैको विचार शिक्षक तालिम प्रति एकमत भएको देखिन्छ । यसै अनुरूप तालिम पनि सञ्चालन भइरहेको पाइन्छ । तर तालिम सञ्चालन पश्चात त्यस तालिमले पारेको प्रभाव, शिक्षकको व्यक्तिगत, सामाजिक , पेसागत गुणको विकासमा पारेको प्रभाव आदि कुराको विश्लेषण गरेको पाइदैन । यसै आवश्यकतालाई पूरागर्न यो अध्ययन महत्वपूर्ण तथा उपयोगी सावित हुने र अन्य भन्दा फरक रूपमा प्रस्तुत हुने मान्न सकिन्छ ।

# परिच्छेद - तीन [Chapter – Three]

## अध्ययनको विधि र प्रक्रिया (Methods and Procedure of the Study)

### ३. अध्ययनको विधि र प्रक्रिया (Methods and Procedure of the Study)

### ३.१. शोध ढाँचा (Research Methodology)

यो अध्ययन सर्वेक्षण विधि (Survey method) क्षेत्र भ्रमण विधि (Field Visit Method) र अवलोकन विधि (Observation Method) मा आधारित रहेको छ । यो शोधपत्र व्याख्यात्मक र वर्णनात्मक शैलीमा लेखिएको छ । तथ्याङ्क र सूचनालाई तालिका, ग्राफ र चार्टमा प्रस्तुत गरी सबन्धित Theory तथा साहित्यका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

### ३.१.१. तुलनात्मक अध्ययन विधि Comparative Study Method) :

यस अध्ययनमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले अध्यापन गराउने विषय, शिक्षणका लागि तयारी, शिक्षण सिकाइ क्रियाकलाप र सिकाइ उपलब्धीको तुलनात्मक अध्ययन गरिएको छ । साथै ती दुबै बीच कारण र प्रभावको सम्बन्ध पहिचान गर्ने प्रयास भएको छ । यसरी तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको शिक्षण प्रभावकारीता अध्ययन गर्दा निम्न पक्षहरूमा विशेष जोड दिइएको छ ।

क. **शिक्षण योजना** : योजना बनाइएको छ कि छैन ? दैनिक पाठयोजना के कस्तो छ ? अध्यापन गरिने पाठमा पूर्व जनकारी र पूर्व तयारी के कस्तो छ ? जस्ता पक्षहरूको तुलनात्मक अध्ययन गरिएको छ ।

ख. **पूर्व तयारी** : योजनाका साथै पाठ पढाउन अपनाइने विधि र आवश्यक शैक्षिक सामग्रीको संकलन, निर्माण र प्रयोग बारे ती शिक्षकहरूले गरेका पूर्व तयारीका सम्बन्धमा तुलनात्मक खोज गरिएको छ ।

**ग. कक्षा शिक्षण** : यस अन्तरगत ती शिक्षकहरूको कक्षा व्यवस्थापन, सामग्री र विधिको उपयुक्त प्रयोग, समय व्यवस्थापन र विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा अध्ययन गरिएको छ ।

**घ. सिकाइ उपलब्धी स्तर** : यसमा कक्षागत र विषयगत रूपमा ती शिक्षकहरूको अध्यापनबाट विद्यार्थीहरूले हासिल गरेका सिकाइ उपलब्धीको स्तर तुलनात्मक अध्ययन गरिएको छ ।

### ३.१.२. सरोकारवालाहरूको सन्तुष्टी (Satisfaction of Stakeholders) :

**क. सहकर्मी** : यसमा संगै काम गर्ने र छिमेकी विद्यालयमा काम गर्ने शिक्षकहरूसँग अन्तरक्रिया गरी तालिम प्राप्त र अप्राप्त शिक्षकद्वारा गरिने शिक्षण र त्यसको प्रभावकारिता पहिचान गरिएको छ ।

**ख. विद्यार्थी** : सम्बन्धित विद्यालयका विद्यार्थीहरूसँग छलफल गरी उनीहरूको सिकाइमा सहजता, रोचक र बालमैत्री कक्षाका सम्बन्धमा ती शिक्षकहरूमा पाइने भिन्नता पहिचान गरिएको छ ।

**ग. अभिभावक** : अभिभावकहरूसँग भेटघाट गरी ती शिक्षकहरूको शिक्षणबाट प्राप्त सन्तुष्टी मापन गर्ने प्रयास गरिएको छ ।

**घ. प्रधानाध्यपक** : सम्बन्धित विद्यालयका प्रधानाध्यापकसँग शिक्षण सिकाइको प्रभावकारिता र विद्यालयका विविध पक्षमा जानकारी हासिल गरिएको छ ।

**ङ. निरीक्षक** : तालिम प्राप्त र अप्राप्त शिक्षकको कक्षा अवलोकन गर्दा पाइने भिन्नता बारे स्रोतव्यक्ति र विद्यालय निरीक्षकबाट जानकारी हासिल गरिएको छ ।

**च. शिक्षाप्रेमी/बुद्धिजीवि/शिक्षाविद** : स्थानीय विभिन्न शिक्षाप्रेमी र बुद्धिजीविसँग छलफल गरी ती शिक्षकहरुको शिक्षणमा पाइने भिन्नता, विद्यालयमा शैक्षणिक वातावरणको निर्माण, समुदायमा सहयोग, अतिरिक्त र सह क्रियाकलाप सञ्चालन जस्ता महत्वपूर्ण पक्षमा देखिने विभिन्नता बारे जानकारी हासिल गरिएको छ ।

**छ. प्रशिक्षक :** तालिम पाठ्यक्रम र तालिमबाट प्राप्त हुने उपलब्धी बारे शैक्षिक तालिम केन्द्रका प्रशिक्षकहरूबाट जानकारी हासिल गरिएको छ ।

## ३.२. अध्ययनको जनसंख्या र नमूना छनौट (Selection of Population and Sample for Study)

### ३.२.१. स्रोत केन्द्र छनौट :

सुनसरी जिल्लाको ग्रामिण परिवेशयुक्त र शहरी वातावरणयुक्त विद्यालयहरू रहेको इटहरी र धरान स्रोतकेन्द्र अध्ययनको मुख्य क्षेत्र रहेता पनि जिल्लाको उत्तर, मध्य र दक्षिण पश्चिम भेगका वराहक्षेत्र, प्रकाशपुर, महेन्द्रनगर, इनरुवा र सत्तेरझोरा स्रोतकेन्द्रहरू समेत अध्ययनमा समावेस गराइएको छ ।

### ३.२.२. विद्यालय छनौट :

इटहरी र धरान स्रोतकेन्द्रका शहरी र ग्रामिण दुवै गरी ३/३ वटा र अन्य ५ वटा स्रोतकेन्द्रका २/२ वटा विद्यालयहरू Purposive Sampling का आधारमा छनौट गरिएको हो ।

### ३.२.३. शिक्षक छनौट :

प्रत्येक विद्यालयबाट तालिम प्राप्त १ जना र तालिम अप्राप्त (सम्भव भए सम्म) १ जना हुने र सबै विषयको अध्यापन अनुभव समेटने गरी ३२ जना शिक्षकहरू छनौट गरिएको छ ।

### ३.२.४. विद्यार्थी छनौट :

प्रत्येक विद्यालयबाट कक्षाका २ जना पर्ने गरी प्रति विद्यालय १० जनाका दरले जम्मा १६० जना विद्यार्थीहरु Quota Sampling नमूनाका आधारमा अध्ययनमा संलग्न गराइएको छ ।

### ३.२.५. प्र.अ.छनौट :

Purposive Sampling का आधारमा १० जना प्र.अ. छनौट गरिएको हो ।

### ३.२.६. निरीक्षक छनौट :

सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति र विद्यालय निरीक्षकहरू मध्ये आपसी सहमतिमा ३ जना स्रोतव्यक्ति र ३ जना विद्यालय निरीक्षकलाई अध्ययनमा समावेस गरिएको हो ।

### ३.२.७. प्रशिक्षक छनौट :

Random Sampling का आधारमा ३ जना प्रशिक्षक छनौट गरी अध्ययन गरिएको छ ।

### ३.२.८. वि.व्य.स.अध्यक्ष, शिक्षा प्रेमी र अभिभावक छनौट :

Purposive Sampling का आधारमा १०/१० जना वि.व्य.स.अध्यक्ष शिक्षा प्रेमी र अभिभावक छनौट गरी अध्ययन गरिएको छ ।

### ३.२.९. बुद्धिजीवि / शिक्षाविद छनौट :

Random Sampling का आधारमा ३/३ जना बुद्धिजीवि / शिक्षाविदलाई अध्ययनमा सहभागी गराइएको छ । अध्ययनमा संलग्न नमूना जनसंख्या निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ३**

**अध्ययनमा संलग्न नमूना जनसंख्या**

| क.सं | विवरण | कूल जनसंख्या | छनौट गरिएको संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | स्रोतकेन्द्र | १२ | ७ | ५८ |
| २. | प्राथमिक (सामुदायिक) विद्यालय ७ RC को | १०६ | १६ | १५ |
| ३. | शिक्षक १६ विद्यालयको | १०२ | ३२ | ३१ |
| ४. | विद्यार्थी १६ विद्यालयको | ३७०८ | १६० | - |
| ५. | प्र.अ. १६ विद्यालयको | १६ | १० | ६३ |
| ६. | स्रोतव्यक्ति/निरीक्षक ७ RC को | ७/७ | ३/३ | ४३ |
| ७. | प्रशिक्षक ETC को | ७ | ३/३ | ४३ |
| ८. | वि.व्य.स.अध्यक्ष १६ विद्यालयको | १६ | १० | ६३ |
| ९. | शिक्षा प्रेमी र अभिभावक १६ विद्यालयको | १६/१६ | १०/१० | ६३ |
| १०. | बुद्धिजीवि/शिक्षाविद ७ RC को | ७ | ३ | ४३ |

## ३.३. अध्ययनका साधनहरू (Tools/Instrument of the Study) :

अध्ययनलाई विश्वसनीय बनाउन तथ्याङ्क भरपर्दो हुन आवश्यक छ भन्ने तथ्यलाई हृदयङगम गरी सकेसम्म यथार्थ तथ्याङ्क संकलन गर्न निम्न प्रकारका साधनहरु निर्माण गरी प्रयोग गरिएको थियो ।

### ३.३.१. अध्ययनसँग सम्बन्धित विवरण :

यस फाराममा स्रोत केन्द्र गत विद्यालय, शिक्षक, अभिभावक र विद्यार्थी संख्या खुल्ने गरी विवरण संकलन हुने फाराम तयार गरी प्रयोग गरिएको छ । (अनुसूची - १ मा संलग्न छ ।)

### ३.३.२. अध्ययनसँग सम्बन्धित विभिन्न निकाय र व्यक्ति :

यस फाराममा विद्यालयका मानव जनशक्ति सम्बन्धी विवरण संकलन गरी शिक्षाको गुणात्मक अवस्था अवगत हुने फाराम तयार गरी प्रयोग गरिएको छ । (अनुसूची - २ मा संलग्न छ ।)

### ३.३.३. विद्यालय सर्वेक्षण फाराम 'क' र 'ख' :

यस फाराममा विद्यालयका विविध पक्षहरू समावेश गरिएको थियो । फारामबाट विद्यालयको भौतिक अवस्था, शिक्षकको ज्ञान, सीप, शिक्षक दरबन्दी, तालिम प्राप्त र अप्राप्त शिक्षक संख्या, शिक्षक विद्यार्थी अनुपात, शैक्षिक सामग्रीको उपलब्धता र विद्यालय व्यवस्थापनको अवस्था पहिचान गरी वास्तविक रुपमा कक्षा शिक्षणमा प्रयोगको अवस्था तुलनात्मक अध्ययन गर्न रुजुसूचीमा आधारित विद्यालय सर्वेक्षण फाराम तयार गरी प्रयोग गरिएको छ । (अनुसूची - ३ र ४ मा संलग्न छ ।)

### ३.३.४. कक्षा अवलोकन फाराम 'क' र 'ख'

यस फारामबाट निम्न पक्षमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको वास्तविक स्थिति पहिचान गर्न कक्षा अवलोकन गरी भर्ने उद्देश्यले तयार गरिएको थियो । अध्ययनकर्ता, निरीक्षक र प्रशिक्षकबाट फाराम भराइ तुलनात्मक अध्ययन गरिएको छ । (अनुसूचि - ५ र ६ मा संलग्न छ ।)

**क. कक्षा व्यवस्थापन पक्ष :**

यस अन्तर्गत कक्षाकोठामा फर्निचरको रखाइ, सामग्रीको उपयुक्तता, सरसफाइ, बसाइ व्यवस्थापन, कक्षामा हावा/प्रकाशको अवस्था र सिकाइ थलोका रुपमा कक्षा सजावट जस्ता पक्षहरु समावेश गरिएको छ ।

**ख. पूर्व तयारी पक्ष :**

यसमा शिक्षण सिकाइलाई प्रभावकारी र उपलब्धीमुलक बनाउन दैनिक पाठ योजना, शैक्षिक सामग्री, शिक्षण विधि र विद्यार्थी मूलइाङ्कनका लाग सम्बन्धित शिक्षकको तयारी मापन गर्ने पक्षहरु समावेश गरिएको छ ।

**ग. शिक्षण सिकाइ क्रियाकलाप पक्ष :**

यस खण्डमा पूर्व पाठमा आधारित, पाठप्रति उत्प्रेरणा, शिक्षक विद्यार्थी सक्रियता, शैक्षिक सामग्रीको प्रयोग, समयको व्यवस्थापन, शिक्षक विद्यार्थी सम्बन्ध, शिक्षकको व्यवहार, प्रश्न सोधाइ, आपसी प्रतिक्रिया र पाठको उद्देश्य प्राप्ति जस्ता पक्षहरु पर्दछन् ।

**घ. विद्यार्थी मूल्याङ्कन पक्ष :**

यस अन्तरगत पाठको अन्तमा शिक्षकले मूल्याङ्कनलाई दिएको महत्व, प्रश्नको स्तर र स्पष्टता तथा प्रश्नले उद्देश्य प्राप्ति मापन गरे नगरेको जस्ता पक्षहरु रहेकाछन् ।

**३.३.५. शिक्षण सिकाइ क्रियाकलाप अवलोकन फाराम :**

यस फारामबाट कक्षा अवलोकनका समयमा खास गरेर शिक्षक र विद्यार्थीले देखाएको व्यवहारको स्थिति मापन गर्ने पक्षहरु रुजु सूचीमा मापन गरिएको छ ।

**३.३.६. विषय विशिष्टिकरण तालिका :**

यस साधनबाट तालिम प्राप्त र अप्राप्त शिक्षकहरुमध्ये प्रश्नपत्र तयार गर्दा विशिष्टिकरण तालिकाको प्रयोगको आवस्था मापन गरिएको छ ।

### ३.३.७. विद्यार्थी उपलब्धी परीक्षा र विद्यार्थी लब्धाङ्क पत्र :

कुनै एउटा कक्षाको एउटा विषय विभिन्न विद्यालयमा कतै तालिम प्राप्त र कतै तालिम अप्राप्त शिक्षकले अध्यापन गरिएको पाइएकोले विभिन्न वस्तुगत र विषयगत प्रश्नावली तयार गरी सिकाइ उपलब्धी स्तर मापन गरिएको हो । साथै एउटै प्रश्नद्वारा स्तर मापन गरिएका तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकले अध्यापन गराएका विद्यार्थीको लब्धाङ्क पत्रबाट ती दुबै विद्यार्थीको सिकाइ उपलब्धी स्तरको तुलनात्मक अध्ययन गरिएको छ ।

### ३.३.८. अवस्था अध्ययन फाराम :

यस फारामबाट अध्ययनमा सँलग्न विभिन्न पक्षहरूको सम्बन्धमा तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकले हासिल गरेको स्तर मापन गरी तुलनात्मक अध्ययन गरिएको छ । (अनुसूची ७ मा संलग्न छ ।)

### ३.३.९. वि.व्य.स.अध्यक्ष/शिक्षाप्रेमी/बुद्धिजीवि/शिक्षाविद र अभिभावक प्रश्नावली :

यस अन्तरगत तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको विद्यालय व्यवस्थापनमा सहयोग, विद्यालय - समुदाय सम्बन्ध, विद्यार्थी भर्ना र उत्तीर्ण दर वृद्धि, विद्यार्थी र अभिभावकको सन्तुष्टि तथा विद्यालयको समुचित विकासमा शिक्षकको भूमिका जस्ता पक्षसँग वि.व्य.स.अध्यक्षको मूल्याङ्कन/ठहरसँग सम्बन्धित प्रश्नावलीको प्रयोग गरिएको छ । साथै स्थानीय शिक्षाप्रेमी / बुद्धिजीवि र शिक्षाविदको हेराइमा तालिम प्राप्त र अप्राप्त शिक्षक बीचमा पाइने भिन्नता मापन गर्न प्रश्नावली प्रयोग भएको छ । खास गरेर ती शिक्षकहरुको शिक्षण व्यवहार, सिकाइ उपलब्धीको प्राप्ति, विद्यार्थीको व्यवहार परिवर्तन, विद्यार्थी र अभिभावकको सन्तुष्टि, विद्यालयको विकासमा सहयोग, विद्यार्थीको सर्वाङ्गिण विकास र शिक्षाको गुणस्तर जस्ता पक्षहरु मापन हुने प्रश्नावलीको प्रयोग गरिएको छ भने अभिभावकका हेराइमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको पठनपाठनबाट विद्यार्थीको बानीबेहोरामा देखिएको परिवर्तन विद्यार्थीको व्यवहार परिवर्तन, पढाइ प्रति विद्यार्थीको रुचि, विद्यार्थीको सन्तुष्टी र शिक्षकको शैक्षणिक व्यवहार पहिचान हुने खालका प्रश्नावली प्रयोगमा ल्याइएको छ । (अनुसूची - ८ मा संलग्न छ ।)

**३.३.१०. प्रशिक्षक प्रश्नवली :**

यस साधनले शिक्षकले तालिम पश्चात कक्षाकोठामा प्रयोग गरेको ज्ञान-सीपको अवस्था, शिक्षण सिकाइमा तालिमको आवश्यक्ता, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकमा देखिने भिन्नता र शिक्षाको गुणस्तर अभिवृद्धिमा शिक्षक तालिमको भूमिका मापन गर्न प्रशिक्षक प्रश्नावली निर्माण गरी प्रयोग गरिएको छ । (अनुसूची - ९ मा संलग्न छ ।)

**३.३.११. स्रोतव्यक्ति/विद्यालय निरीक्षक प्रश्नावली :**

यसमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको शिक्षण व्यवहार, शिक्षण सिकाइ समस्या, सिकाइ उपलब्धीको प्राप्ति, विद्यार्थीको व्यवहारमा परिवर्तन, व्यवस्थापनमा सहयोग, विद्यार्थीको सर्वाङ्गिण विकास र शिक्षाका गुणस्तर विकासमा सहयोग जस्ता पक्षहरुमा तुलनात्मक अध्ययन गर्न प्रश्नावली प्रयोग गरिएको छ । (अनुसूची - १० मा संलग्न छ ।)

**३.३.१२. प्रधानाध्यापक प्रश्नावली :**

तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको पेसागत सन्तुष्टी शिक्षणको प्रभावकारिता, विद्यालय व्यवस्थापनमा सहयोग, मूल्याङ्कन सम्बन्धी सीप र क्षमता, सह तथा अतिरिक्त क्रियाकलापको सञ्चालन, विद्यालय समुदाय सह-सम्बन्ध र शिक्षाको गुणस्तर अभिवृद्धिमा सहयोग जस्ता पक्षहरुमा प्र.अ.को अनुभव संकलन गरी अध्ययन गर्न यो साधनको निर्माण र प्रयोग गरिएको हो । (अनुसूची - ११ मा संलग्न छ ।)

**३.३.१३. शिक्षक प्रश्नावली 'क' र 'ख' :**

यसमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको तालिम प्रतिको धारणा, तालिमले शिक्षण सिकाइमा पुऱ्याउने सहयोग, उनीहरुको शिक्षण सिकाइ समस्या र समाधानका उपाय, शिक्षण योजना, शैक्षिक सामग्री, शिक्षण विधि, विद्यार्थी मूल्याङ्कन सम्बन्धी ज्ञान-सीप र तालिमको आवश्यक्ता बारेमा जानकारी हासिल हुने

प्रश्नावलीको निर्माण र प्रयोग गरिएका छ । (अनुसूची - १२ र १३ मा संलग्न छ ।)

**३.३.१४. विद्यार्थी प्रश्नावली :**

यस अन्तरगत तालिम प्राप्त र अप्राप्त शिक्षकहरु प्रति विद्यार्थीको धारणा जानकारी गराउन विभिन्न प्रश्नहरु समावेश छन् । खास गरेर विद्यार्थी अभिप्रेरणा, सिकाइमा सहजता, कक्षाको रोचकता, परीक्षाको सफलता, शिक्षण सिकाइमा सहभागिता, सिकाइमा सक्रियता, प्रतिभा प्रस्फुटन, शिक्षकको बोली र व्यवहार तथा शिक्षकको शिक्षण कौशलता मापन हुने प्रश्नावली प्रयोग गरिएको छ । (अनुसूची - १४ मा संलग्न छ।)

## ३.४. तथ्याङ्क संकलनको स्रोत (Source of Data Collection) :

प्रस्तुत अध्ययन प्राथमिक स्रोत (Primary Source) र द्वितीय स्रोत (Secondary Source) बाट संकलित तथ्याङ्कमा आधारित छ । प्राथमिक स्रोतबाट संकलित तथ्याङ्कमा विद्यालय सर्वेक्षण फाराम, कक्षा लवलोकन फाराम, शिक्षण सिकाइ अवलोकन फाराम र विभिन्न प्रश्नावलीहरूलाई प्रयोग गरिएको छ । भने द्वितीय स्रोतबाट संकलित तथ्याङ्कमा सम्बन्धित विद्यालयका प्रोफाइल, तथ्याङ्क फाराम तथा SIP का साथै जि.शि.का., तालिम केन्द्र र क्षे.शि.नि.बाट प्रकाशित लेख रचना र रिपोर्टहरूलाई आधार बनाइएको छ ।

## ३.५. तथ्याङ्क संकलनका विधिहरु (Methods of Data Collection) :

यस अध्ययनका लागि तथ्याङ्क संकलन गर्न छनौट गरिएको नमूनामा आधारित गरिएको छ । नमूना छनौट गर्दा Non Probability Sampling Desing को Purposive Sampling, Quota Sampling र Random Sampling विधि प्रयोग गरिएको छ । शोधकार्यका लागि कुल जनसंख्याको २५% देखि ३०% नमूना राम्रो हो भन्ने मान्यतालाई अबलम्बन गर्दै स्रोत केन्द्र, विद्यालय, शिक्षक, प्र.अ., निरीक्षक, प्रशिक्षक, विद्यार्थी र अभिभावक छनौट गरिएको छ । नमूना छनौटका लाग आपसी समभ्रूदारी र गोला प्रथा समेत प्रयोग गरिएका छ । (अनुसूची - १५ मा छ ।)

## ३.६. अध्ययनका साधनको विश्वसनीयता र बैधता (Releability and Validity of Tools for Study) :

तथ्याङ्क संकलनका लागि प्रयोग भएका साधनहरुलाई विश्वसनीय र बैध बनाउने कोसिस गरिएको छ । सहपाठी र सहकर्मीसँगको आपसी अन्तरक्रिया छलफल र सल्लाह सुझावका आधारमा साधनको निर्माण गरी अन्य जानकार एवं गुरुवर्गको पृष्ठपोषण तथा शोध निर्देशकको निर्देशन बमोजिम अन्तिम रुप दिइएको हो । शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, निरीक्षक र प्रशिक्षकमा प्रयोग भएको प्रश्नावली पूर्व परीक्षण गरी सुधारेर प्रयोग गरिएको हो । विद्यार्थी उपलब्धी परीक्षाको लागि प्रयोग भएको प्रश्नावलीको कठिनाइ स्तर समेत मापन गरी सुधारेर प्रयोग गरिएको छ । यसरी अध्ययनका साधनहरूको विशेषज्ञको सल्लाह र आन्तरिक शोध निर्देशको सल्लाह अनुसार विश्वसनीयता र बैधता प्रमाणित गरिएको छ ।

## ३.७. तथ्याङ्क संकलन र विश्लेषण प्रक्रिया (Collection and Analysis Procedures of Data) :

प्राथमिक स्रोत (Primary Source) र द्वितीय स्रोत (Secondary Source) बाट प्राप्त तथ्याङ्कलाई शोध प्रस्ताव (Thesis Proposal) मा राखिएका उद्देश्यहरु मुताविक विभिन्न तालिका र ग्राफ चार्टमा प्रस्तुत गरी प्रतिक्रियाका आधारमा अङ्कगणितीय गणना र प्रतिशत बमोजिम व्याख्या तथा विश्लेषण गरिएको छ । यसै गरी तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुले अध्यापन गरेका विद्यार्थीहरुको कक्षागत तथा विषयगत परीक्षा लिइ प्राप्त नतिजालाई मध्यक (mean) स्तरीय विचलन (Standard Deviation) र विचरण (Variation) निकाली विश्लेषण सहित प्रस्तुत गरिएको छ । यस अध्ययनमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुले अध्यापन गरेका विद्यार्थीहरुको तुलनात्मक रुपमा भिन्नता पहिचान गर्न आवश्यक्ता अनुसार विभिन्न तरिकाहरू प्रयोग गरिएको छ । साथै तथ्याङ्कबाट प्राप्त नतिजालाई विश्लेषण गरी अध्ययनको सैद्धान्तिक ढाँचा अन्तरगत विभिन्न चिन्तकको चिन्तनका आधारमा अर्थ्याइएको छ । यस शोध कार्यमा संख्यात्मक तथ्याङ्कलाई प्रतिशतमा र गुणात्मक तथ्याङ्कलाई व्याख्यात्मक शैलीमा विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

# परिच्छेद - चार [Chapter – Four]

## तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण (Analysis and Interpretation of Data)

## ४. तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण (Analysis and Interpretation of Data)

### ४.१. अध्ययन क्षेत्रका विद्यालयहरुको भौतिक सुविधा (Physical Facilities of Sampling School's for Study) :

शैक्षिक गुणस्तर विकासका लागि शिक्षण सिकाइ प्रभावकारी हुन आवश्यक पर्दछ भने प्रभावकारी शिक्षण सिकाइका लागि विद्यालयको भौतिक, शैक्षिक अवस्था सुदृढ हुनुका साथै शिक्षकको योग्यता, तालिम र अनुकुल शैक्षिक वातारण अपरिहार्य मानिन्छ । यस अध्ययनमा नमूना विद्यालयको निम्न पक्ष अध्ययन गरिएको छ ।

#### ४.१.१. भौतिक व्यवस्थापन (Physical Management) :

यस शोधकार्यमा प्रभावकारी शिक्षण सिकाइका लागि आवश्यक पर्ने विद्यालयको निम्न भौतिक सुविधा र सो को व्यवस्थापनको स्थिति अध्ययन गरिएको छ । अनुसूची ३ र ४ मा आधारित विवरण यस प्रकार रहेको देखिन्छ ।

**तालिका नं. ४**

**विद्यालयको भौतिक सुविधा**

| क.सं. | भौतिक सुविधा | विद्यालय संख्या | उपलब्ध | | मात्रा | | अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | छ | छैन | पर्याप्त | अपर्याप्त | राम्रो | सामान्य | |
| १. | फर्निचर | १६ | ६ | – | ६ | १० | ७ | ९ | |
| २. | कक्षाकोठा | १६ | १६ | – | १२ | ४ | ९ | ७ | |
| ३. | पुस्तकालय | १६ | ६ | १० | – | ६ | – | – | |
| ४. | खानेपानी | १६ | ७ | ९ | ३ | ४ | ३ | ६ | |
| ५. | खेल मैदान | १६ | ७ | ९ | ४ | ३ | ४ | ३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | कार्यशाला भवन | १६ | २ | १४ | – | १४ | – | १४ | |
| ७. | खेल तथा शैक्षिक सामग्री | १६ | १० | ६ | ४ | ६ | ४ | ६ | |
| ८ | कार्यकक्ष | १६ | १० | ६ | १० | ६ | १० | ६ | |
| ९ | शौचालय | १६ | १२ | ४ | १० | ६ | १० | ६ | |
| | **जम्मा** | **१४४** | **७६** | **५८** | **४९** | **५९** | **४७** | **५७** | |

*स्रोत : स्थलगत सर्वेक्षण - २०६५*

**क. फर्निचर :**

माथिको तालिकाबाट अध्ययन गरिएका १६ वटा विद्यालयमा फर्निचर रहेको पाइएता पनि पर्याप्त फर्निचर भने ६ वटामा मात्र रहेको र फर्निचरको अवस्था ७ वटामा मात्र राम्रो भएको पाइयो । यसबाट धेरै जसो विद्यालयहरुमा नाम मात्रका गुणस्तर हिन फर्निचरले काम चलाएने गरिएको तथा क्षमता भन्दा बढी विद्यार्थी बसाएर पठनपाठनको व्यवस्था मिलाउने गरेको देखिन्छ ।

**ख. कक्षाकोठा :**

कक्षाकोठाको उपलब्धता सबै विद्यालयमा पाइएता पनि १६ मध्ये ७ वटा विद्यालयमा थोत्रा, जीर्ण र टाटीले बेरेका कक्षाकोठा रहेको पाइयो ।

**ग. पुस्तकालय** :

अध्ययन गरिएका १६ वटा विद्यालय मध्ये ६ वटामा नाम मात्रको पुस्तकालयको व्यवस्था भएको पाइयो । यसबाट शिक्षकले चाहेर पनि शिक्षाको गुणस्तर माथि उठाउन कठीन हुने देखिन्छ ।

**घ. खानेपानी :**

उपरोक्त तालिकाबाट १६ वटा मध्ये ७ वटामा खानेपानीको व्यवस्था भएको देखिएता पनि सबै विद्यालयमा पर्याप्त नभएको र धेरै जसो विद्यालयले गुणस्तरहीन ट्यूवेलको पानीले आवश्यक्ता धानेको देखियो । यसबाट न्यून गुणस्तरयुक्त पिउने

पानीले शिक्षक तथा विद्यार्थीहरुको स्वास्थ्यमा प्रतिकुल असर पर्न जाने र फलस्वरुप शिक्षण सिकाइमा प्रतिकुल प्रभाव पर्ने देखिन्छ ।

**ङ. खेल मैदान :**

अध्ययनमा समावेश १६ मध्ये ७ वटा विद्यालयमा मात्र खेल मैदान पाइनु र त्यसको पर्याप्तता अझ न्यून देखिनुले शिक्षण सिकाइको प्रतिकुलतालाई जनाउँछ । अझ विद्यार्थीलाई उमेर सुहाउँदो खेलकुद गराउन सकिने खेल मैदान ४ वटा विद्यालयमा मात्र हुनुले विद्यार्थीको सर्वाङ्गिण विकासमा विद्यालयको भौतिक पक्ष कमजोर भएको प्रमाणित गर्दछ । यस्तो अवस्थामा तालिम प्राप्त शिक्षक हुँदैमा शिक्षाको गुणस्तर माथि उठ्छ भन्न सकिन्न ।

**च. कार्यशाला भवन :**

१६ वटा विद्यालयको अवलोकन भ्रमण गर्दा २ वटा विद्यालयमा मात्र १/१ वटा कोठाले कार्यशाला भवनको आवश्यक्ता पूरा गरेको देखियो । कार्यशालाको अभावमा अधिकांश विद्यार्थीको पठनपाठनमा पर्ने नकारात्मक असर सहजै अनुमान गर्न सकिन्छ ।

**छ. खेल तथा शैक्षिक सामग्री :**

शिक्षण सिकाइलाई सहज, उपलब्धीमुलक र प्रभावकारी बनाउन विद्यालयमा शैक्षिक सामग्रीको पर्याप्त उपलब्धता आवश्यक मानिन्छ । यसै गरी विद्यार्थीको शारीरिक, मानसिक विकासको लागि खेल सामग्री जरुरत पर्दछ । यस अध्ययनमा १६ वटा विद्यालय मध्ये १० वटामा मात्र यस्ता सामग्रीको व्वस्था गरिएको र त्यसमा पनि ४/४ वटा विद्यालयमा मात्र तिनको अवस्था पर्याप्त तथा राम्रो पाइएकोले तालिम प्राप्त शिक्षक भएर पनि सिकाइमा प्रतिकुल प्रभाव परिरहेको तथ्य उजागर हुन्छ ।

**ज. कार्यकक्ष/स्टाफ रुम :**

अवलोकन भ्रमण गरिएका १६ वटा मध्ये १० वटा विद्यालयमा मात्र छुट्टै कार्यालय कोठा र स्टाफ रुमको पर्याप्त र राम्रो व्यवस्था भएको पाइयो भने अधिकांश विद्यालयले कक्षाकोठा र कार्यालय कक्ष एकै ठाउँमा राखी काम चलाउने गरेको देखियो । यसबाट पठनपाठनमा पर्न सक्ने प्रतिकुल प्रभाव सहजै अनुमान लगाउन सकिन्छ ।

**झ. शौचालय :**

अध्ययन गरिएका १६ वटा मध्ये १२ वटा विद्यालयमा मात्र शौचालय रहेको र १० वटामा मात्र छात्र/छात्रा र स्टाफ शौचालय छुट्टाछुट्टै व्यवस्था गरेको देखियो । अन्य विद्यालयले भने चउर र पर्खालको छेउमा बोरा झुण्ड्याएर काम चलाएको पाइयो । यसले पनि विद्यालयको विद्यार्थी भर्ना देखि पठनपाठन सम्ममा नकारात्मक असर पारेको स्पष्ट हुन्छ ।

तसर्थ विद्यालयमा तालिम प्राप्त शिक्षक हुँदैमा मात्र शिक्षाको गुणात्मक सुधारमा नाटकीय परिवर्तन सम्भव छैन । तालिमबाट सिकेका ज्ञान, सीप र्कायथलोमा प्रयोग गरी प्रभावकारी शिक्षण सिकाइ गर्न विद्यालयको न्यूनतम भौतिक वातावरण अनुकुल हुनु आवश्यक छ ।

## ४.२. अध्ययन क्षेत्रको शिक्षक तथा तालिमको अवस्था (Situation of Teacher and Teacher Training of Study Area) :

यस अध्ययनका लागि छनौटमा परेका १६ वटा विद्यालयमा जम्मा १०२ जना प्राथमिक तहका शिक्षकहरु कार्यरत रहेको पाइयो । जसमध्ये माहिला तालिम प्राप्त ४५ जना र तालिम अप्राप्त ७ जना तथा पुरूष तालिम प्राप्त ४१ जना र तालिम अप्राप्त ९. जना भएको देखियो । अर्थात १०२ जना शिक्षक मध्ये ८६ जना (८५%) आंशिक तालिम प्राप्त समेत) तालिम प्राप्त भएको देखिनुले यस जिल्लमा तालिम अप्राप्त शिक्षक नगण्य भएको तथ्यलाई जाहेर गर्दछ । शिक्षा शास्त्रको शैक्षिक योग्यता, पूर्व सेवाकालीन र

सेवाकालीन तालिम मध्ये अधिकांस शिक्षकहरू सेवाकालीन तालिम प्राप्त भएको तथ्यले प्राथमिक शिक्षक तालिममा शैक्षिक तालिम केन्द्रहरुको गहन भूमिका रहेको र सेवाकालीन प्राथमिक शिक्षक तालिमले यस जिल्लाको गुणात्मक शिक्षाको विकासमा महत्वपूर्ण सहयोग पुऱ्याएको समेत प्रमाणित गर्दछ । प्रभावकारी शिक्षण सिकाइका लागि सेवाकालीन प्राथमिक शिक्षक तालिमको अपरिहार्यता समेत माथि उल्लेखित तथ्यहरुले स्पष्ट पारेको देखिन्छ । उपरोक्त तथ्यङ्कलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**

**नमूना विद्यालयको प्राथमिक दरबन्दीमा कार्यरत विद्यालयगत शिक्षक संख्या र तालिमको विवरण :**

| क्र. सं. | स्रोतकेन्द्र | विद्यालय | शिक्षक संख्या | तालिम प्राप्त | | | तालिम अप्राप्त | | | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म. | पु. | ज. | म. | पु. | ज. | छात्र | छात्रा | जम्मा |
| १. | इटहरी | जनता प्रा.वि. | १५ | ८ | ६ | १४ | १ | ७ | १ | २८१ | ३३० | ६११ |
| | | रक्तमाला प्रा.वि. | ५ | २ | २ | ४ | १ | - | १ | ११३ | १४७ | २६० |
| | | बाल बहुभाषी प्रा.वि. | ४ | २ | १ | ३ | - | १ | १ | ८६ | ९७ | १८३ |
| २. | धरान | पब्लिक उ.मा.वि. | ९ | ८ | | ८ | १ | - | १ | २५९ | २३९ | ४९८ |
| | | अमर प्रा.वि. | ५ | ३ | १ | ४ | १ | - | १ | ६५ | ६९ | १३४ |
| | | सरस्वति प्रा.वि. | ५ | ३ | २ | ५ | - | - | - | ७३ | ५४ | १२७ |
| ३. | वराहक्षेत्र | वराहक्षेत्र प्रा.वि. | २ | - | - | - | १ | १ | २ | ३८ | ३४ | ७२ |
| | | वि.पि.प्रा.वि. | ५ | १ | ३ | ४ | १ | - | १ | ८२ | ७३ | १५५ |
| ४. | प्रकाशपुर | प्रकाश उ.मा.वि. | ११ | २ | ८ | १० | - | १ | १ | १७४ | १९२ | ३६६ |
| | | रामधुनी प्रा.वि. | ४ | १ | २ | ३ | - | १ | १ | ३२ | ३७ | ६९ |
| ५. | महेन्द्रनगर | महेन्द्र उ.मा.वि. | ७ | ३ | ३ | ६ | - | १ | १ | १०० | ६६ | १६६ |
| | | कोशी नि.मा.वि. | ८ | २ | ३ | ५ | १ | २ | ३ | १९१ | २१५ | ४०६ |
| ६. | इनरुवा | जनता प्रा.वि. | ७ | ४ | २ | ६ | - | १ | १ | १०२ | ९० | १९२ |
| | | सुनसरी प्रा.वि. | ९ | ६ | ३ | ९ | - | - | - | ६४ | ७३ | १३७ |
| ७. | सत्तेरझोरा | जनता प्रा.वि. | ३ | - | ३ | ३ | - | - | - | ८८ | १३० | २१८ |
| | | श्री प्रा.वि. | ३ | - | २ | २ | - | १ | १ | ५४ | ६० | ११४ |
| | | **जम्मा** | **१०२** | **४५** | **४१** | **८६** | **७** | **९** | **१६** | **१८०२** | **१९०६** | **३७०८** |

**चित्र नं. ४**

**स्तम्भ चित्र**

**अध्ययन क्षेत्रको प्राथमिक तहमा तालिम प्राप्त र अप्राप्त शिक्षक विवरण**




*स्रोत : स्थलगत सर्वेक्षण - २०६५*

**चित्र नं. ५**

**वृत्तचित्र**

**अध्ययन क्षेत्रमा प्राथमिक तहमा तालिम प्राप्त र अप्राप्त शिक्षक**




*स्रोत : स्थलगत सर्वेक्षण - २०६५*

**चित्र नं. ६**

**वृत्तचित्र**

**अध्ययन क्षेत्रमा तालिम प्राप्त प्राथमिक शिक्षकको लैंगिक अवस्था**




*स्रोत : स्थलगत सर्वेक्षण - २०६५*

अनुसूची १ मा आधारित माथिका अनुच्छेद, तालिका, स्तम्भ चित्र र वृत्तचित्रले नमूना छनौटमा परेका विद्यालयको तालिमको स्थितिलाई प्रष्ट्याएको छ । गुणात्मक शिक्षाका लागि शिक्षक तालिम सबै थोक नभए पनि सबैभन्दा महत्वपूर्ण एक थोक भने अवश्य नै हो । वास्तवमा भन्ने हो भने शिक्षाको मुख्य आधार भनेको प्राथमिक शिक्षा हो । सिङ्गो जीवनको सिकाइको जग प्राथमिक शिक्षामा अडेको हुन्छ । तसर्थ अध्यापन क्षेत्रमा प्राथमिक तहका शिक्षक मेरुदण्डका रुपमा रहन्छन् । शिक्षाले असल, सुयोग्य र कर्मठ नागरिक उत्पादन गर्दछ भने त्यसको श्री गणेश प्राथमिक तहबाटै हुन्छ र यसको श्रेय प्राथमिक शिक्षकलाई जान्छ । प्राथमिक शिक्षक विद्यार्थीको सुन्दर भविष्य निर्माता हो । विद्यार्थीको शैक्षिक भविष्य प्राथमिक शिक्षकमा निर्भर हुन्छ । विद्यार्थीको पहिलो पाठशाला घर हो भने दोस्रो घर प्राथमिक विद्यालय हो । तसर्थ घरको संघार नाघेर विद्यार्थी पुग्ने पहिलो नयाँ र नौलो आंगन प्राथमिक विद्यालय प्राङ्गण भएकोले शिक्षाको गुणात्मक अभिवृद्धिमा प्राथमिक शिक्षकको जिम्मेवारी ज्यादै संवेदनशील भएको तथ्य सर्व स्वीकार्य

हुनुपर्दछ । अर्थात गुणात्मक विकासमा दरबन्दी मिलान, सहयोग व्यवस्थापन र पेसागत आकर्षण मुख्य कारक देखिए पनि शिक्षक तालिम आधारभूत आवश्यक्ता नै हो ।

### ४.३. शिक्षणका लागि पूर्व तयारी (Pre – Preparation for Teaching) :

शिक्षणका लागि पूर्व तयारी भन्नासाथ शिक्षकले कक्षाकोठामा प्रवेस गर्नु अधि कुनै निश्चित पाठ पढाउन गर्ने सबै तयारी हो । यसमा खास गरेर दैनिक पाठ योजनाको निर्माण र पाठ योजना अनुसार शैक्षिक सामग्री तथा शिक्षण विधिको निश्चितता पर्दछन् ।

शिक्षाको गुणस्तर विकासमा प्रभावकारी शिक्षण सिकाइ र प्रभावकारी शिक्षण सिकाइमा शिक्षक तालिम अपरिहार्य तत्वहरु हुन् । तालिम प्राप्त र अप्राप्त शिक्षक बीचको भिन्नता पहिचान गर्न शिक्षणको लागि पूर्व तयारी पक्ष ज्यादै महत्वपूर्ण मानिन्छ । यो भिन्नता निम्न अनुसार छ ।

**तालिका नं. ६**

**कक्षा पूर्व तायरी पक्ष**

| क्र.सं. | विवरण | शिक्षक संख्या | पूर्व तयारी पक्ष | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अति राम्रो | राम्रो | सामान्य | |
| १. | तालिम प्राप्त शिक्षकको तयारी पक्ष | १६ | ७ | ६ | ३ | |
| २. | तालिम अप्राप्त शिक्षकको तयारी पक्ष | १६ | २ | ५ | ९ | |

*स्रोत : स्थलगत सर्वेक्षण - २०६५*

अनुसूची ५ र ७ मा आधारित माथिको तालिकामा शिक्षणका लागि गरिने पूर्व तयारीमा तालिम अप्राप्त शिक्षक भन्दा तालिम प्राप्त शिक्षक अगाडि रहेको देखिन्छ । अध्ययनमा संलग्न सवै पक्षबाट तथ्याङ्क संकलन गरी प्रस्तुत गर्दा तालिम प्राप्त शिक्षकको पूर्व तयारी पक्ष बढी देखिनु भनेको शिक्षक तालिमको सकारात्मक प्रभाव हो ।

## ४.४. कक्षा व्यवस्थापन (Classroom Management) :

कक्षा व्यवस्थापन अन्तर्गत कक्षामा विद्यार्थीको सजिलो बसाइ, शिक्षकको गतिविधि सञ्चालनमा सहज अवस्था पर्दछन् । तसर्थ कक्षा व्यवस्थापन भन्नाले विद्यार्थी बसाई स्थिति, समूह विभाजन, कक्षा सरसफाइ, स्रोत सामग्री (शै.सा.) को तयारी अवस्था र शिक्षण सिकाइमा अधिकतम सहजता हो भन्न सकिन्छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरु पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको सहयोगमा सरल र प्रभावकारी तवरले विद्यार्थीहरुलाई हासिल गराउन तथा सम्पूर्ण सिकाइलाई सुव्यवस्थित गर्न कक्षा व्यवस्थापन ज्यादै महत्वपूर्ण हुन्छ । अवलोकनबाट देखिएको अवस्थालाई निम्न तालिकामा दिइएको छ ।

**तालिका नं. ७**

**कक्षा व्यवस्थापन पक्ष**

| क्र.सं. | विवरण | शिक्षक संख्या | पूर्व तयारी पक्ष | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अति राम्रो | राम्रो | सामान्य | |
| १. | तालिम प्राप्त शिक्षकको तयारी पक्ष | १६ | ६ | ५ | ५ | |
| २. | तालिम अप्राप्त शिक्षकको तयारी पक्ष | १६ | ४ | ६ | ६ | |
| | **जम्मा** | **३२** | **१०** | **११** | **११** | |

*स्रोत : स्थलगत सर्वेक्षण - २०६५*

विभिन्न अनुसूचीमा आधारित माथिको तालिकामा तालिम प्राप्त शिक्षकको कक्षा व्यवस्थापन पक्ष तालिम अप्राप्त शिक्षकको भन्दा अगाडि रहेको स्पष्ट हुन्छ । अर्थात कक्षा व्यवस्थापन राम्रो हुनु भनेको शिक्षण सिकाइ सहज र प्रभावकारी हुनु र जसले शिक्षाको गुणस्तर विकासमा सहयोग पुग्नु हो भन्ने किटानी गर्न सकिन्छ ।

## ४.५. शिक्षण सिकाइ सामग्री (Teaching Learning Materials) :

शिक्षण सिकाइ क्रियाकलापलाई सरल, सहज, रोचक र प्रभावकारी बनाउन शिक्षण सिकाइ सामग्रीको महत्वपूर्ण भूमिका हुन्छ । यस अध्ययनमा समावेस शैक्षिक सामग्रीका प्रकारहरु निम्न छन् ।

४.५.१. आधारभूत शैक्षिक सामग्री : पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, विषय विस्तृतिकरण, पाठ्यक्रम दिग्दर्शन, शब्दकोष चक, डस्टर, चकबोर्ड ।

४.५.२. वातावरणमा पाइने शैक्षिक सामग्री : बोट विरुवा, जीवजन्तु, ढुङ्गा, माटो, फलफूल, मन्दिर, उद्योग, पसल, कल कारखाना ।

४.५.३. कम मूल्यमा खरिद गरिने शैक्षिक सामग्री : नक्सा, ग्लोब, पोस्टर, चार्ट, चित्र, मोडेल ।

४.५.४. बढी मूल्यमा खरिद गरिने शैक्षिक सामग्री : रेडियो, टेप रेकर्डर, ओ.एच.पी., टि.भी., कम्प्युटर ।

४.५.५. शिक्षक विद्यार्थी संकलित र निर्मित शैक्षिक सामग्री : चित्र, पोस्टर, चार्ट, ग्राफ, शब्द पत्ति, फ्लाटीन बोर्ड, फ्लास कार्ड, काठका र माटाका आकृति ।

**तालिका नं. ८**

**शैक्षिक सामग्रीको प्रयोग**

| क्र.सं. | शैक्षिक सामग्रीको किसिम | तालिम प्राप्त शिक्षकद्वारा शैक्षिक सामग्री प्रयोगको अवस्था | | | | तालिम अप्राप्त शिक्षकद्वारा शैक्षिक सामग्री प्रयोगको अवस्था | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शि. संख्या | उत्तम | मध्यम | निम्न | शि. संख्या | उत्तम | मध्यम | निम्न | |
| १. | आधारभूत शैक्षिक समग्री | १० | ७ | २ | १ | १० | ४ | ३ | ३ | |
| २. | वातावरणीय शैक्षिक सामग्री | १४ | १० | २ | २ | १४ | ४ | ६ | ४ | |
| ३. | कम मूल्यका शैं. सा. | १२ | १० | १ | १ | १० | २ | ६ | २ | |
| ४. | बढी मूल्यका शै.सा. | १० | ५ | ३ | २ | १० | १ | ६ | ३ | |
| ५. | शिक्षक निर्मित शै.सा. | १६ | १३ | २ | १ | १६ | ४ | ६ | ६ | |
| | **जम्मा** | **६२** | **४५** | **१०** | **७** | **६०** | **१५** | **२७** | **१८** | |

*स्रोत : स्थलगत सर्वेक्षण - २०६५*

विभिन्न अनुसूचीमा फारामको उपयोगद्वारा तयार गरिएको माथिको तालिकामा तालिम अप्राप्त शिक्षकको भन्दा सबै प्रकारका शैक्षिक सामग्री तालिम प्राप्त शिक्षकले प्रयोग गर्ने गरेको देखिन्छ । तसर्थ शिक्षाको गुणस्तर विकासका लागि तालिम प्राप्त शिक्षकको भूमिका बढी छ भन्न सकिन्छ ।

## ४.६. शिक्षण सिकाइ क्रियाकलाप (Teaching Learning Activities) :

शिक्षाको गुणस्तर बढाउने मुख्य पक्ष शिक्षण सिकाइ क्रियाकलाप हो । शिक्षण एउटा कला भएकोले यो कला हासिल गर्न शिक्षक निपुण, योग्य, दक्ष र कुशल हुनै पर्दछ । यस अध्ययनका लागि शिक्षण सिकाइ क्रियाकलापका विभिन्न पक्षहरु अवलोकन गरी प्राप्त नतिजा निम्न तालिकामा देखइएको छ ।

**तालिका नं. ९**

**शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| क्र.सं. | शिक्षण सिकाइ क्रियाकलाप | तालिम प्राप्त शिक्षकको शिक्षण सिकाइ | | | | तालिम अप्राप्त शिक्षकको शिक्षण सिकाइ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शि. संख्या | उत्तम | मध्यम | निम्न | शि. संख्या | उत्तम | मध्यम | निम्न |
| १. | पूर्वपाठमा आधारित | १६ | १२ | ३ | १ | १६ | २ | ६ | ८ |
| २. | पाठ प्रति उत्प्रेरणा | १० | ६ | ३ | १ | १० | १ | १ | ८ |
| ३. | शिक्षक/विद्यार्थी सक्रियता | १५ | १० | ४ | १ | १५ | १ | ७ | ७ |
| ४. | शैक्षिक सामग्रीको प्रयोग | १५ | १२ | १ | २ | १५ | १ | ६ | ८ |
| ५. | समयको व्यवस्थापन | १० | ५ | ३ | २ | १० | १ | १ | ८ |
| ६. | शिक्षक-विद्यार्थी सम्बन्ध | १० | ५ | २ | ३ | १० | २ | ४ | ४ |
| ७. | प्रश्न सोधाइ | १५ | १० | ३ | २ | १५ | २ | ४ | ९ |
| ८. | शिक्षकको व्यवहार | १६ | ११ | ३ | २ | १६ | ४ | ६ | १६ |
| ९. | आपसी प्रतिक्रिया | १० | ६ | २ | २ | १० | २ | ४ | ४ |
| १०. | पाठको उद्देश्य प्राप्ति | १६ | ११ | ३ | २ | १६ | ३ | ४ | ९ |
| | **जम्मा** | **१३३** | **८८** | **२७** | **१८** | **१३३** | **१९** | **४३** | **८१** |

*स्रोत : स्थलगत सर्वेक्षण - २०६५*

अनुसूची ४ देखि १४ सम्मको उपयोगद्वारा प्राप्त भएको माथिको तालिकामा तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकको शिक्षण सिकाइको अवस्था राम्रो देखिन्छ । तालिम अप्राप्त धेरै कम शिक्षक मात्र व्यक्तिगत गुणका कारण शिक्षण सिकाइका विभिन्न पक्षमा सफल देखिन्छन् तर तालिम प्राप्त धेरै जसो शिक्षकहरु सबै पक्षमा सफल छन् । यसले शिक्षक तालिमले शिक्षाको गुणस्तर विकासमा सकारात्मक प्रभाव पारेको स्पष्ट हुन्छ ।

## ४.७. विद्यार्थी मूल्याङ्कन (Student Evaluation) :

यस अध्ययनमा अध्ययनको उद्देश्य र प्रकृति अनुसार तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको विद्यार्थी मूल्याङ्कनका विविध पक्षमा अध्ययन विश्लेषण हुनु सान्दर्भिक छ । सुधारात्मक र निर्णयात्मक मूल्याङ्कन, औपचारिक र अनौपचारिक मूल्याङ्कन, परीक्षा र अवलोकनद्वारा गरिने मूल्याङ्कन, प्रश्नपत्र निर्माण, परीक्षाफल विश्लेषण, पृष्ठपोषण र प्रतिवेदन एवं सिकाइ उपलब्धी प्राप्तिको अवस्था निम्न बमोजिम रहेको पाइयो ।

**तालिका नं. १०**

**विद्यार्थी मूल्याङ्कन पक्षहरू**

| क.सं | मूल्याङ्कनका पक्षहरु | तालिम प्राप्त शिक्षकद्वारा गरिने मूल्याङ्कनको आधार | | | | तालिम अप्राप्त शिक्षकद्वारा गरिने मूल्याङ्कनको आधार | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शि. संख्या | उत्तम | मध्यम | निम्न | शि. संख्या | उत्तम | मध्यम | निम्न |
| १. | सुधारात्मक र निर्णयात्मक मूल्याङ्कन | १६ | ११ | ३ | २ | १६ | १ | १० | ५ |
| २. | औपचारिक र अनौपचारिक मू. | १६ | १३ | २ | १ | १६ | १ | ५ | १० |
| ३. | परीक्षा र अवलोकन | १५ | १२ | २ | १ | १५ | २ | ३ | ७ |
| ४. | ग्रीडमा आधारित प्रश्न पत्र | १६ | १५ | १ | १ | १६ | २ | ३ | ११ |
| ५. | परीक्षा फल विश्लेषण | १४ | १० | २ | २ | १४ | – | १ | १३ |
| ६. | पृष्ठ पोषण र प्रतिवेदन | १६ | ११ | २ | ३ | १६ | २ | ३ | ११ |
| ७. | सिकाइ उपलब्धी प्राप्ति | १६ | १२ | १ | ३ | १६ | १ | ३ | १२ |
| | **जम्मा** | **१०९** | **८४** | **१३** | **१३** | **१०९** | **९** | **२८** | **६९** |

*स्रोत : स्थलगत सर्वेक्षण - २०६५*

अनुसूची ५ देखि ८ सम्मको साधनबाट प्राप्त भएको माथिको तालिकामा मूल्याङ्कनका विविध पक्षमा तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकहरूको उल्लेखित अवस्था देखिएको हुँदा तालिम प्राप्त शिक्षकहरु तालिम अप्राप्तको तुलनामा मूल्याङ्कन पक्षमा अगाडि देखिन्छन् ।

## ४.८. गृहकार्य (Homework) :

शिक्षण सिकाइमा गृहकार्यको स्थान महत्वपूर्ण मानिन्छ । आवश्यक्ता अनुसार गृहकार्य दिनु, नियमित परीक्षण गरी पृष्ठपोषण प्रदान गर्न र निरन्तर मूल्याङ्कनको अंग बनाउनु यसका पक्षहरु हुन् । अध्ययन क्षेत्रमा यसको अवस्था निम्न देखियो ।

**तालिका नं. ११**

**गृहकार्य सम्बन्धी अवस्था**

| क्र.सं. | गृहकार्य विवरण | तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शि. संख्या | उत्तम | मध्यम | निम्न | शि. संख्या | उत्तम | मध्यम | निम्न |
| १. | गृहकार्य दिनु | १० | ८ | १ | १ | १० | १ | २ | ७ |
| २. | नियमित परीक्षण गर्नु | १५ | ७ | ४ | ४ | १५ | ३ | २ | १० |
| ३. | पृष्ठपोषण प्रदान गर्नु | १५ | ६ | ५ | ४ | १५ | ३ | ३ | ९ |
| ४. | शिक्षण सिकाइको अंग बनाउनु | १० | ६ | २ | २ | १० | १ | १ | ८ |
| ५. | मूल्याङ्कनको अंग बनाउनु | १० | ६ | २ | २ | १० | २ | १ | ७ |
| **जम्मा** | | **६०** | **३३** | **१४** | **१३** | **६०** | **१०** | **९** | **४१** |

***स्रोत : स्थलगत सर्वेक्षण - २०६५***

अनुसूची ७ र ८ को साधन प्रयोग गर्दा उपलब्ध भएको माथिको तालिकाबाट तालिम अप्राप्त भन्दा तालिम प्राप्त शिक्षकको गृहकार्यका सबै पक्षहरु राम्रा देखिन्छन् ।

## ४.९. शिक्षण व्यवहार (Teaching Behaviour) :

प्रभावकारी शिक्षणका लागि शिक्षको शैक्षणिक व्यवहार ज्यादै महत्वपूर्ण हुन्छ । शैक्षणिक व्यवहार अन्तरगत नियमित उपस्थिति, कक्षामा अधिक समय प्रदान, योजना र सामग्रीको नियमित प्रयोग, कक्षा व्यवस्थापन, सिकाइमा मायालु वातावरण, खेलकुद र मनोञ्जन, मूल्याङ्कनको उचित उपयोग, माया र हौसला प्रदान, अभिभावक भेटघाट र सुझाव आदान प्रदान आदि पर्दछन् । अवलोकन, छलफल र विचार आदान प्रदानबाट प्राप्त तथ्याङ्क तालिकामा प्रस्तुत छ ।

**तालिका नं. १२**

**शिक्षकको शैक्षणिक व्यवहार**

| क्र.सं. | शिक्षण व्यवहार | तालिम प्राप्त शिक्षकको व्यवहार | | | | तालिम अप्राप्त शिक्षकको व्यवहार | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शि. संख्या | उत्तम | मध्यम | निम्न | शि. संख्या | उत्तम | मध्यम | निम्न |
| १. | नियमित उपस्थिति | १६ | ११ | ३ | २ | १६ | ६ | २ | ८ |
| ३ | कक्षामा अधिक समय | १६ | १२ | २ | २ | १६ | ५ | ६ | ५ |
| ३. | योजना र सामग्री | १६ | १४ | १ | १ | १६ | ७ | ३ | ६ |
| ४. | कक्षा व्यवस्थापन | १६ | १५ | १ | १ | १६ | ६ | ४ | ६ |
| ५. | रमाइलो सिकाइ | १६ | १४ | १ | १ | १६ | ५ | ३ | ८ |
| ६. | खेलकुद मनोरञ्जन | १६ | १२ | २ | २ | १६ | ४ | ८ | ४ |
| ७. | मूल्याङ्कनको उपयोग | १६ | ९ | ५ | २ | १६ | २ | ६ | ८ |
| ८. | हौसला र माया | १६ | ८ | ६ | २ | १६ | ४ | ३ | ९ |
| ९. | अभिभावक भेटघाट | १६ | ७ | ६ | ३ | १६ | १ | ६ | ९ |
| | **जम्मा** | **१४४** | **१०२** | **२७** | **१६** | **१४४** | **४०** | **४१** | **६३** |

***स्रोत : स्थलगत सर्वेक्षण - २०६५***

अनुसूची ९ र १० बाट उपलब्ध माथिको तालिकामा शिक्षकको शैक्षिक शैक्षणिक व्यवहार तालिम अप्राप्तको भन्दा तालिम प्राप्त शिक्षको ज्यादै राम्रो भएको स्पष्ट हुन्छ ।

## ४.१०. विद्यार्थी उपलब्धी (Student Achievement) :

तालिम प्राप्त र अप्राप्त शिक्षकहरु मध्ये कसको शिक्षण बढी प्रभावकारी छ भनेर हेर्ने सरल माध्यम विद्यार्थी उपलब्धी हो । विद्यार्थी उपलब्धी भन्नाले विद्यार्थीको उत्तीर्ण प्रतिशत र उसको प्राप्ताङ्क प्रतिशत हो । अध्ययन क्षेत्रका केही विद्यार्थीको उत्तीर्ण प्रतिशत र उसको प्राप्ताङ्क प्रतिशत हो । अध्ययन क्षेत्रका केही विद्यार्थीको उर्त्तीर्ण र प्राप्ताङ्कको अवस्था निम्न अनुसार देखियो ।

**तालिका नं. १३**

**विद्यार्थी उत्तीर्ण र प्राप्ताङ्क विवरण :**

| क.सं. | शै.स. | विद्यालय संख्या | तालिम प्राप्त शिक्षकको विद्यार्थी उपलब्धी | | | तालिम अप्राप्त शिक्षकको विद्यार्थी उपलब्धी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | परीक्षार्थी संख्या | उत्तीर्ण संख्या | प्रतिशत | परीक्षार्थी संख्या | उत्तीर्ण संख्या | प्रतिशत | |
| १. | २०६० | १० | ७१४ | ७०३ | ९८ | ७१४ | ६५० | ९० | |
| २. | २०६१ | १२ | ९२० | ९१० | ९९ | ९२० | ८६४ | ९२ | |
| ३. | २०६२ | १० | ८५३ | ८४३ | ९९ | ८५३ | ७५४ | ८८ | |
| ४. | २०६४ | १३ | ९७१ | ९६५ | ९९ | ९७१ | ९०० | ९३ | |
| **जम्मा** | | **४५** | **३४५८** | **३४१६** | **९९** | **३४५८** | **३१७९** | **९०** | |

*स्रोत : स्थलगत सर्वेक्षण - २०६५*

अनुसूची ३ मा आधारित माथिको विद्यालयमा एउटै विद्यालयमा तालिम अप्राप्त शिक्षकले शिक्षण गरेको विषयमा भन्दा तालिम प्राप्त शिक्षकले शिक्षण गरेको विषयमा विद्यार्थी उत्तीर्ण संख्या उच्च रहेको देखिन्छ । त्यसकारण तालिम प्राप्त शिक्षकको विद्यार्थी उपलब्धी राम्रो भन्न सकिन्छ ।

## ४.११. तालिम कार्यान्वयन (Training Action)

शिक्षकले तालिमबाट सिकेका ज्ञान सीप के कति प्रयोग गर्छन भनेर अध्ययनमा समावेस गरिएको हो । यस क्रममा विद्यालयका प्रा.अ., सम्बन्धित शिक्षक, अन्य शिक्षक कक्षाका विद्यार्थी र वि.नि. ⁄ स्रोत व्यक्तिसँग छलफल गरी प्राप्त नतिजा निम्न तालिकामा छ ।

**तालिका नं. १४**

**शिक्षकद्वारा तालिम कार्यान्वयन पक्ष**

| क.सं. | सम्बन्धित पक्ष | संख्या | तालिम कार्यान्वयन विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | राम्ररी गर्छन | ठिकै गर्छन | गर्दैनन् | |
| १. | प्रधानाध्यापक | १० | ३ | ५ | २ | |
| २. | अभिभावक | १० | २ | ४ | ४ | |
| ३. | सम्बन्धित शिक्षक | २० | १० | ६ | ४ | |
| ४. | अन्य शिक्षक | १० | ५ | ३ | २ | |
| ५. | विद्यार्थी | ४० | २६ | १० | ४ | |
| ६. | वि.नि. ⁄ स्रोत व्यक्ति | ४ | २ | १ | १ | |
| ७. | प्रशिक्षक ⁄ शिक्षाविद | ४ | ३ | १ | - | |
| | **जम्मा** | **९८** | **५१** | **३०** | **१७** | |

***स्रोत : स्थलगत सर्वेक्षण - २०६५***

विभिन्न अनुसूचीमा आधारित माथिको तालिकामा विभिन्न क्षेत्रका ९८ व्यक्तिहरुसँग प्रश्न गर्दा ५१ जनाले राम्ररी गर्छन, ३० जनाले कहिलेकाही वा ठिकै गर्छन र १७ जनाले गर्दै गर्दैनन भन्ने जवाफ दिएकोले अधिकांश शिक्षकले आफूले तालिममा सिकेका कुरा अन्य वातावरण पाए व्यवहारमा उतार्ने कुरा प्रष्ट हुन्छ ।

## ४.१२. कक्षा अवलोकन, निरीक्षण तथा अनुगमन (Class Observation, Supervision and Monitoring)

शिक्षक तालिमलाई कार्यान्वयनमा ल्याउन र यसबाट शिक्षाको गुणात्मक विकासमा योगदान सुऱ्याउन नियमित कक्षा अवलोकन, निरीक्षण तथा अवलोकनको आवश्यक्ता पर्दछ । अध्ययन क्षेत्रको विद्यालयबाट प्राप्त तथ्याङ्क अनुसार यस पक्षमा उचित ध्यान पुगेको देखिएन । शिक्षा नियमावलीमा गरिएको व्यवस्था अनुसार निरीक्षण प्रणाली अवलम्वन भएमा शिक्षाको गुणात्मक विकासमा तालिमको प्रभावकारिता अभिवृद्धि गर्न सहयोग पुग्न जाने देखिन्छ । प्राप्त तथ्याङ्क निम्न तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका नं. १५**

**शैक्षिक वर्ष २०६३ मा निरीक्षण अनुगमन व्यवस्था :**

| क्र.सं. | निरीक्षण/अनुगमन कर्ता | विद्यालय संख्या | निरीक्षण/अनुगमन संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | क्षेत्रीय शिक्षा निर्देशक | १६ | - | |
| २. | जिल्ला शिक्षा अधिकारी | १६ | १ | |
| ३. | विद्यालय निरीक्षक | १६ | १ | |
| ४. | स्रोत व्यक्ति | १६ | ५ | |
| ५. | गाउँ शिक्षा समिति | १६ | १ | |
| ६. | व्यवस्थापन समिति | १६ | ५ | |
| ७. | अन्य | १६ | १ | |

***स्रोत : स्थलगत सर्वेक्षण - २०६५***

अनुसूची ३ मा आधारित माथिको तालिकाले शिक्षा नियमावलीले तोकेको जिम्मेवारी सम्बन्धित पक्षले पुरा नगरेको प्रष्टयाउँछ । यसले पनि शिक्षक तालिमको प्रभावकारिता बढाउन नकारात्मक भूमिका खेलेको देखिन्छ ।

## ४.१३. तालिम प्रदान गर्ने निकायको भूमिका (Role of Training Institute)

तालिमले शिक्षकमा भएको सैद्धान्तिक ज्ञानलाई व्यावहारिक बनाइ विद्यार्थीहरुसम्म सरल र प्रभावकारी तवरबाट सेवा पुऱ्याउनको लागि आवश्यक पर्ने सीपको विकास गर्न मद्दत गर्दछ । शिक्षक तालिममा शिक्षकको अपेक्षा र आवश्यक्ता अनुसार विभिन्न क्रियाकलापहरु सिकाइन्छ । यद्यपि वर्तमान परिप्रेक्षमा ती निकायको निम्न पक्षमा प्रभावकारी भूमिका रहेको देखिदैन ।

क. तालिमपाठ्यक्रम र विद्यालय पाठ्यक्रमलाई समय सापेक्ष रुपमा समायोजन गर्ने ।

ख. नियमित अनुगमन गरी कक्षाकोठा क्रियाकलापमा सहयोग गर्ने ।

ग. अल्पकालीन पुनर्ताजगी वा मागमा आधारित तालिम सञ्चालन गर्ने ।

माथि उल्लेखित तालिकाहरूको विश्लेषणबाट के प्रष्ट हुन्छ भने विद्यालयको भौतिक पूर्वाधारमा कमि, उपयुक्त शैक्षिक वातावरणको अभाव र निरीक्षण अनुगमन गर्ने तथा तालिम प्रदायक निकायको कमजोर भूमिका हुँदा हुँदै पनि अध्ययनसँग सम्बन्धित सबै पक्षमा तालिम अप्राप्त शिक्षक भन्दा तालिम प्राप्त शिक्षकको सकारात्मक योगदान रहेको छ । तसर्थ गुणात्मक शिक्षाको विकासमा प्राथमिक शिक्षक तालिमले फलदायी प्रभाव पारेको देखिन्छ ।

# परिच्छेद - पााच [Chapter – Five]

## प्राप्ति, निष्कर्ष र सुझावहरु (Finding, Conclusion and Recommendations)

## ५. प्राप्ति, निष्कर्ष र सुझावहरु (Finding, Conclusion and Recommendations)

### ५.१. प्राप्ति (Finding)

शिक्षाको गुणात्मक विकासका लागि शिक्षक तालिम अनिवार्य आवश्यक्ता हो । पेसागत रुपमा दक्ष, विषयगत रुपमा परिपक्क र शिक्षण सीपमा निपुण शिक्षकले नै प्रभावकारी शिक्षण गरी विद्यार्थीको सर्वाङ्गिण विकासमा महत्वपूर्ण भुमिका खेल्ने हुँदा सक्षम दक्ष र कार्यकुशल शिक्षक उत्पादन गर्नु शिक्षक तालिमको प्रमुख लक्ष्य हो ।

तालिम प्राप्त शिक्षकहरुबाट मात्र शिक्षण हुनुपर्ने मूल मान्यताका साथ सबै तहका शिक्षकहरुका लागि सेवाकालीन तथा पूर्व सेवाकालीन प्रमाणिकरण तालिम तथा शैक्षिक व्यवस्थापकहरुका लागि व्यवस्थापन तालिम प्रदान गर्न केन्द्रिय स्तरमा शैक्षिक जनशक्ति विकास केन्द्र (National Centre for Educational Development/NCED) र यस अन्तर्गत ९ वटा शैक्षिक तालिम केन्द्र 'क', २० वटा शैक्षिक तालिम केन्द्र 'ख' र ५ वटा शैक्षिक तालिम उप केन्द्रहरु रहेका छन् । सुनसरी लगाएत पूर्वाञ्चलका ९ जिल्लामा कार्यरत प्राथमिक शिक्षकको तालिमको आवश्यक्ता पूरा गर्ने मुख्य जिम्मेवारी शैक्षिक तालिम केन्द्र सुनसरीलाई रहेको छ । शोधकर्ताले सुनसरी जिल्लामा गुणात्मक शिक्षाका लागि सेवाकालीन प्राथमिक शिक्षक तालिमले पारेको प्रभाव सम्बन्धमा अध्ययनलाई सिमित गरेको छ ।

प्रस्तुत शोधकार्यमा वर्णनात्मक अनुसन्धान पद्धतिलाई प्रयोगमा ल्याइएको छ । नमूना छनौटमा परेका विद्यालयहरुको स्थलगत निरीक्षण गरी तथ्याङ्क संकलन गरिएको छ । संकलित तथ्याङ्क तथा प्रतिक्रियाहरुलाई तुलनात्मक अध्ययन गरी

अंकगणितीय तथा आवश्यक्ता अनुसार तथ्याङ्क शास्त्रीय विश्लेषण गरिएको छ । अध्ययनका खास खास प्राप्तिलाई तल पेस गरिन्छ ।

**५.१.१. विद्यालयको भौतिक व्यवस्थापन (School's Physical management)** : नमूना छनौटमा परेका १६ वटा विद्यालयको अध्ययन गर्दा भौतिक व्यवस्थापन पक्ष ज्यादै कमजोर रहेको पाइयो । स्टाफ रुम, शौचालय, खेल मैदान तथा खेल सामग्री र खानेपानी जस्ता आधारभूत कुराको समेत अभाव रहेको देखिन्छ ।

**५.१.२. शिक्षकको पूर्व तयारी पक्ष (Pre-preparation of Teacher)** : तालिम प्राप्त शिक्षकको पूर्व तयारी पक्ष सन्तोषजनक रहेको देखियो भने तालिम अप्राप्त शिक्षकले पूर्व तयारीमा उचित ध्यान दिएको देखिदैन ।

**५.१.३. कक्षा व्यवस्थापन (Class Management)** : कक्षाकोठामा रहेका सिमति साधन स्रोतलाई शिक्षण सिकाइमा उचित व्यवस्थापन गर्ने कुरामा तालिम प्राप्त शिक्षक अगाडि रहेको देखिन्छ ।

**५.१.४. शिक्षण सिकाइ क्रियाकलाप (Teaching Lerning Activity) :** अध्ययनले शिक्षण सिकाइ क्रियाकलापमा तालिम अप्राप्त शिक्षक भन्दा तालिम प्राप्त शिक्षक नै अगाडि देखाएको छ ।

**५.१.५. शिक्षण सिकाइ सामग्री** : अध्ययनले शिक्षण सिकाइ सामग्रीको संकलन, निर्माण, प्रयोग र भण्डारनमा तालिम प्राप्त शिक्षक नै अगाडि रहेको देखाउँछ ।

**५.१.६. विद्यार्थी मूल्याङ्कन (Student Evaluation)** : अध्ययनबाट तालिम प्राप्त शिक्षक मूल्याङ्कनका सबै पक्षमा तालिम अप्राप्त शिक्षक भन्दा निकै अगाडि रहेको स्पष्ट भएको छ ।

**५.१.७. गृहकार्य (Homework)** : विद्यार्थीको गृहकार्यमा तालिम प्राप्त शिक्षकले उचित ध्यान पुऱ्याएको देखिन्छ ।

**५.१.८. शिक्षण व्यवहार (Teaching Behaviour)** : यस अध्ययनले विभिन्न शैक्षणिक व्यवहारमा तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षक निकै अगाडि रहेको पुष्टी भएकोछ ।

**५.१.९. विद्यार्थी उपलब्धी (Student Achievement)** : विद्यार्थीको सिकाइ उपलब्धी हासिल गराउन तालिम अप्राप्त भन्दा तालिम प्राप्त शिक्षक नै अगाडि रहेको देखिन्छ ।

**५.१.१०. विद्यालय समुदाय सम्बन्ध (School Community Relationship) :** अध्ययनले विद्यालय समुदाय सम्बन्ध सुमधुर गर्ने सम्बन्धमा तालिम प्राप्त शिक्षक नै अगाडि रहेको देखाएको छ ।

**५.१.११. विद्यालय व्यवस्थापनमा सहयोग (Cooperation for School Managemt) :** अध्ययनले विद्यालय व्यवस्थापनमा सहयोग गर्ने कार्यमा तालिम प्राप्त शिक्षकको भूमिका उत्तम रहेको देखाएको छ ।

**५.१.१२. सरोकारवालाको सन्तुष्टी (Satisfaction of Stakeholder) :** अध्ययनले सरोकारवालाहरू तालिम प्राप्त शिक्षकको सेवा प्रति बढी सन्तुष्ट रहेको देखएको छ ।

**५.१.१३. तालिम कार्यान्वयन (Training In-action) :** तालिमबाट सिकेका ज्ञान र सीप समय, सन्दर्भ र वातावरण अनुसार केही न केही प्रयोग वा कार्यान्वयनमा आउने गरेको नै अध्ययनको ठहर रहेको छ ।

**५.१.१४. कक्षा निरीक्षण तथा अनुगमनको अवस्था (Class Supervision and Monitoring)** : शिक्षकले तालिमबाट सिकेका कुराहरुलाई कार्यथलोमा उपयोग हुन आवश्यक पर्ने कक्षा निरीक्षण र अनुगमनको व्यवस्था ज्यादै कमजोर रहेको देखिन्छ ।

**५.१.१५. तालिम केन्द्रको भूमिका (Role of Training Centre) :** शिक्षकले तालिमबाट प्राप्त गरेको दक्षता व्यवहारमा उतार्न तालिम प्रदान गर्ने

निकायको रुपमा तालिम केन्द्रको महत्वपूर्ण भूमिका हुनु सान्दर्भिक भएता पनि यस्तो भूमिका भएको देखिदैन ।

## ५.२. निष्कर्ष (Conclusion)

यस अध्ययनमा माथि उल्लेखित प्राप्ति (Finding) बाट निम्न निष्कर्ष निकाल्न सकिन्छ ।

५.२.१. विद्यालयको भौतिक व्यवस्थापन कमजोर देखिन्छ ।

५.२.२. निरीक्षण अनुगमन प्रणाली प्रभावकारी भइरहेको देखिदैन ।

५.२.३. शिक्षक तालिम केन्द्रको भूमिका शिक्षण सिकाइ सम्म विस्तारित भएको देखिदैन ।

५.२.४. दरबन्दी कम भै अधिक कार्य बोझ देखिन्छ ।

५.२.५. विद्यालयमा साधन र स्रोतको पर्याप्त व्यवस्था भएको देखिदैन ।

५.२.६. पुनर्ताजगी तालिमको व्यवस्था प्रभावकारी रूपमा भएको देखिदैन ।

५.२.७. कक्षा व्यवस्थापन, विद्यार्थी मूल्याङ्कन, योजना र सामग्रीको निर्माण र प्रयोग जस्ता आधारभूत पक्षहरुमा तालिम अप्राप्त शिक्षक भन्दा तालिम प्राप्त शिक्षक अगाडि रहेको पाइयो ।

५.२.८. तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकको शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी देखिन्छ ।

५.२.९. शिक्षाको गुणात्मक विकासमा सेवाकालीन प्राथमिक शिक्षक तालिमले गहन भूमिका खेलेको स्पष्ट देखिन्छ ।

५.२.१०. शिक्षाको गुणस्तर अभिवृद्धिमा शिक्षक तालिमको अनिवार्यता पुष्टी भएको देखिन्छ ।

५.२.११. शिक्षाको गुणस्तर विकासका लागि सेवाकालीन प्राथमिक शिक्षक तालिमले पुऱ्याएको योगदानलाई आत्मसात गर्दै अन्य पक्षको उचित

व्यवस्थापनबाट शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन सकिने निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.३. सुझाव (Recommendation) :

गुणात्मक शिक्षाको विकासका लागि शिक्षक तालिम सबै थोक नभए पनि एउटा महत्वपूर्ण पक्ष भने अवश्य हो । शिक्षक तालिमले शिक्षाको गुणात्मक विकासमा सकारात्मक भूमिका खेलेको हुन्छ । शिक्षाको गुणस्तरमा शिक्षक तालिम अपरिहार्य छ । यद्यपि तालिम मात्र भएर अन्य पक्ष कमजोर हुँदा अपेक्षित परिणाम देख्न सकिन्न । खासमा वर्तमानमा त्यही भएको छ । अन्य पक्षले शिक्षाको गुणात्मकतामा प्रतिकुल प्रभाव पारिरहेको छ तर दोष शिक्षक तालिमलाई थोपारिंदै छ । शिक्षक तालिमबाट गुणात्मक शिक्षाको अपेक्षा पुरा गर्न विभिन्न पक्षमा सुधार आवश्यक छ । यस अध्ययनको प्राप्ति र निष्कर्षको आधारमा निम्न सुझावहरु प्रस्तुत गरिन्छ ।

**५.३.१. विकेन्द्रित र समुदायमा आधारित विद्यालय व्यवस्थापन (Decentrilized and Community Based School Management)** : सरोकारवाला विद्यालयको समुदायलाई नै विद्यालय व्यवस्थापनको जिम्मेवारी सुम्पनु पर्दछ । विकेन्द्रित र अधिकार सम्पन्न विद्यालय व्यवस्थापनबाट वर्तमान समस्याहरु हल हुदै जाने देखिन्छ ।

**५.३.२. राजनैतिक हस्तक्षेप मुक्त विद्यालय वातावरण (School Environment Without Political Pressure)** : विद्यालयलाई सबै प्रकारको राजनैतिक हस्तक्षेपबाट मुक्त राखिनु पर्दछ । यसको लागि आवश्यक सयन्त्र निर्माण गरी सुनिश्चित कानूनी व्यवस्था गरिनु पर्दछ ।

**५.३.३. शान्ति क्षेत्र विद्यालय हाता (Peace Zone School Area)** : विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरी सबै प्रकारका हडताल र बन्दबाट मुक्त राखिनु पर्दछ ।

**५.३.४. विद्यालयको सवल भौतिक व्यवस्थापन (Strong Physical Management of School) :** विद्यालयमा न्यूनतम भौतिक साधनको व्यवस्था गरिनु पर्दछ । भवन, कक्षाकोठा, खेल मैदान, पिउने पानी, शौचालय, प्रयोगशाला र पुस्तकालयको ग्यारेन्टी गरिनु पर्दछ ।

**५.३.५. पर्याप्त शिक्षक दरबन्दीको व्यवस्था (Managing Sufficient Number of Teacher) :** शिक्षा नियमावली २०४९ ले ५ वटा कक्षामा न्यूनतम ३ जना शिक्षक दरबन्दीको व्यवस्था गरेबाट पाठ्यभार बढी भै तालिम प्राप्त गरे बमोजिम शिक्षण भएको पाइदैन । तसर्थ पर्याप्त दरबन्दी हुनु गुणात्मक शिक्षाको एउटा अनिवार्य सर्त हो ।

**५.३.६. प्रभावकारी निरीक्षण तथा अनुगमन (Effective Supervision and Monitoring) :** तालिम प्राप्त शिक्षकहरुले तालिममा सिकेका ज्ञान र सीप बमोजिम पठन पाठन गरे नगरेको लेखाजोखा गर्न र शिक्षण सिकाइमा देखापर्ने समस्याहरु समाधान गर्न प्रभावकारी निरीक्षण तथा अनुगमनको व्यवस्था हुनु पर्दछ ।

**५.३.७. तालिमको अनिवार्यता (Compulson of Training) :** हाल विद्यालयमा तालिम प्राप्त र तालिम अप्राप्त दुबै खाले शिक्षक रहने अवस्थाको अन्त्य गरी सबैलाई तालिमको अनिवार्य व्यवस्था गरिनु पर्दछ ।

**५.३.८. पुनर्ताजगी तालिमको व्यवस्था (Managing Refresher Training) :** एक पटकको ज्ञान, सीप सधैलाई पर्याप्त हुदैन । तालिम प्राप्त शिक्षकलाई पनि समय सान्दर्भिक ज्ञान, सीप प्रदान गर्न प्रत्येक ५ वर्षमा छोटो अवधिको पुनर्ताजगी तालिमको अनिवार्य व्यवस्था गरिनु पर्दछ ।

**५.३.९. आवश्यकता सुहाउँदो नवीन र व्यावहारिक पाठ्यक्रमको व्यवस्था (Managing New, Suitable and Appropiriate Curriculum)** : गुणात्मक शिक्षाको लागि पाठ्यक्रमको महत्वपूर्ण स्थान रहेको हुन्छ । राज्यले समय र आवश्यक्ता अनुकुलको पाठ्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

